कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: 2210८2
दर्ता मिति: 20८210६109

## कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालय: कृषि तथा पशुपन्छी विकास मन्त्रालय
२. निर्णय गर्ने अधिकारी: मा. कृषि तथा पशुपन्छी विकास मन्त्री
३. निर्णय मिति: २०८२/०८/२३

कृषि विभाग तथा मातहतका कार्यालयहरुको वार्षिक स्वीकृत कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा कार्यान्वयन गरी प्रतिफलमा आधारित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद - १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसँगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा;

(क) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा लाभग्राहीको रुपमा छनौट भई अनुदान प्राप्त गर्ने व्यक्ति, कृषक समूह, कृषि सम्बन्धी उपभोक्ता समुह, कृषि सहकारी, सङ्घ संस्था, निजी वा साझेदारी फर्म वा कम्पनीलाई सम्झनु पर्छ।

(ख) "आवेदक" भन्नाले यस कार्यविधि बमोजिमको कार्यक्रममा सहभागी हुन योग्यता पुगेका व्यक्ति, कृषक समूह, कृषि सहकारी, सङ्घ संस्था, निजी वा साझेदारी फर्म वा कम्पनीलाई सम्झनु पर्छ।

(ग) "कष्टम हायरिङ्ग सेन्टर" भन्नाले कृषकले कृषि प्रयोजनमा प्रयोग गर्ने कृषि यन्त्र भाडामा उपलब्ध गराउन सकिने गरी स्थापना गरेको संरचना सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम कृषि विभाग तथा मातहतका कार्यालयबाट सञ्चालन हुने गरी वार्षिक बजेट विनियोजन भएका एवम् यस कार्यविधिमा समावेश भएका कार्यक्रम तथा क्रियाकलापलाई सम्झनु पर्छ।

(ङ) "कृषि यन्त्र" भन्नाले कृषि कर्ममा प्रयोग हुने यन्त्र, औजार वा उपकरण सम्झनु पर्छ।

(च) "कृषि वस्तु" भन्नाले परिच्छेद- ५ सँग सम्बन्धित तरकारी, फलफूल, आलु, मसलाबाली, खाद्यान्न, दलहन, तेलहन, मह, च्याउ र रेशम लगायतका निर्यातजन्य बाली र सो को उपज सम्झनु पर्छ।

(छ) "केन्द्र" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमका लागि बजेट विनियोजन भएका कृषि विभाग एवम् मातहतका सम्बन्धित केन्द्रीय निकाय र फार्म केन्द्रलाई सम्झनु पर्छ।

(ज) "गुणस्तरीय मह" भन्नाले नेपाल सरकारले तोकेको न्यूनतम अनिवार्य खाद्य गुणस्तर मापदण्ड बमोजिमको गुणस्तर भएको मह सम्झनु पर्छ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(झ) "च्याउ उत्पादन" भन्नाले ताजा च्याउ उत्पादन, प्रशोधन तथा बिक्री वितरण सम्बन्धी काम गर्ने र च्याउको बीउ उत्पादन तथा बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "निर्यातकर्ता" भन्नाले यस कार्यविधिको परिच्छेद- ५ सँग सम्बन्धित कार्यक्रम अनुसार प्रमाणीकरण शुल्कमा अनुदान प्राप्त गर्न चाहने प्राङ्गारिक कृषि उत्पादन निर्यात गर्ने व्यक्ति, कृषक समूह, कृषि सहकारी, सङ्घ संस्था, निजी वा साझेदारी फर्म वा कम्पनीलाई सम्झनु पर्छ।

(ट) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश स्थित कृषि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "प्रमाणीकरण निकाय" भन्नाले राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधी, २०६९ बमोजिम प्राङ्गारिक कृषि उपजको उत्पादन, प्रशोधन, परिचालन, लेबलिङ्ग र आयात कार्यको मूल्याङ्कन गर्ने अधिकार प्राप्त निकाय सम्झनु पर्छ ।

(ड) "प्रमाणीकरण शुल्क" भन्नाले प्रमाणीकरण निकायले प्राङ्गारिक प्रमाणीकरण गरे वापत लिने शुल्क सम्झनु पर्छ ।

(ढ) "प्राङ्गारिक कृषि उत्पादन" भन्नाले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी गरिएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ बमोजिम उत्पादन भएको कृषि वस्तु सम्झनु पर्छ ।

(ण) "प्राङ्गारिक कृषि उत्पादनकर्ता" भन्नाले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी गरिएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ बमोजिम प्राङ्गारिक कृषि उत्पादन गर्ने व्यक्ति, कृषक समूह, कृषि सहकारी, सङ्घ संस्था, निजी वा साझेदारी फर्म वा कम्पनीलाई सम्झनु पर्छ।

(त) "प्राङ्गारिक प्रमाणीकरण" भन्नाले प्रमाणीकरण निकायले कुनै प्राङ्गारिक कृषि उत्पादनको निर्धारित गुणस्तर कायम गर्नका लागि पुरा गर्नुपर्ने शर्तहरु पुरा गरिएको छ भनी दिएको लिखित सुनिश्चितताको प्रमाण सम्झनु पर्छ।

(थ) "भौतिक संरचना" भन्नाले परिच्छेद- ४ सँग सम्बन्धित कष्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि आवश्यक मेशिनरी सेड, वासिङ्ग सेन्टर, वर्कशप, कर्मचारी कक्ष सम्झनु पर्छ।

(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ध) "विभाग" भन्नाले मन्त्रालय मातहतको कृषि विभाग सम्झनु पर्छ।

(न) "स्थानीय तह" भन्नाले कार्यक्रम सञ्चालन गर्ने सम्वन्धित स्थानीय तहलाई सम्झनुपर्दछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

## परिच्छेद - २

## व्यावसायिक कीट विकास कार्यक्रम

### कार्यक्रमको उद्देश्य, सञ्चालन गरिने क्रियाकलाप एवम् प्रक्रिया, व्यवस्थापकीय पक्ष र प्रासङ्गिक विषयहरु

३. **कार्यक्रम सञ्चालनको उद्देश्य:** यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेको छन्:-

(क) कृषक, व्यवसायी तथा उद्यमीलाई आफूले उत्पादन गरेको मह, मौरीजन्य उत्पादन, च्याउ र च्याउबाट उत्पादित परिकारहरूको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न सहयोग गर्ने।

(ख) मह, मौरीजन्य उत्पादनहरू र च्याउको उपयोगिता र फाइदा सम्बन्धी सूचना प्रवाह गरी आन्तरिक र अन्तराष्ट्रिय र अन्तरिक बजार विस्तारमा योगदान पुर्‍याउने।

(ग) मौरीपालन तथा च्याउ खेती सम्बन्धी व्यावसायिक, वैज्ञानिक एवम् नवीनतम प्रविधि तथा सूचनाहरूको आदान-प्रदान गर्न योगदान पुर्‍याउने।

(घ) मौरी मूल्य श्रृंखला र च्याउ खेतीमा आवद्ध कृषक, व्यवसायी, सेवा प्रदायक तथा उपभोक्ता लगायत सबै सरोकारवालावीच व्यावसायिक सम्बन्ध एवम् सहकार्य स्थापना गर्न सहयोग पुर्‍याउने।

४. **कार्यक्रम सञ्चालन गर्ने निकाय तथा बजेट व्यवस्थापन:** (१) व्यवसायीक कीट विकास केन्द्रमार्फत सञ्चालन गरिने यस परिच्छेद अन्तर्गतका कार्यक्रम एवम् क्रियाकलाप सञ्चालनका लागि केन्द्रको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ र वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

५. **राष्ट्रिय मह मेला आयोजना कार्यक्रम:** (१) नेपालमा उत्पादित महको उपभोग बढाउन र मह व्यवसायसँग सम्वन्धित कृषकलाई प्रोत्साहन गर्न, आम समुदायमा गुणस्तरीय मह तथा मौरीजन्य उत्पादनको महत्वका बारेमा जानकारी गराउन एवम् महको बजार प्रवर्द्धन गर्नका लागि नेपाल मौरीपालक महासङ्घ र नेपाल मौरीपालन केन्द्रिय सहकारी सङ्घ लिमिटेडसँगको सहकार्यमा राष्ट्रिय मह मेला आयोजना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमबाट मौरीपालन तथा मह व्यवसायमा संलग्न कृषक, व्यवसायी, उद्यमी, उपभोक्ता, सरकारी तथा गैर सरकारी निकायहरू तथा अन्य सरोकारवाला लाभान्वित हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने प्रमुख क्रियाकलाप देहाय अनुसार हुनेछन्:-

(क) नेपालमा उत्पादित विभिन्न प्रकारका मह तथा मौरीजन्य उत्पादनको प्रदर्शन र बिक्री वितरण।

(ख) मौरीपालनसँग सम्बन्धित सरोकारवालाहरूबीच अन्तरक्रिया गोष्ठी सञ्चालन।

(ग) भीर मौरी, कठ्यौरी मौरी लगायत स्थानीय र रैथाने मौरीहरूको मह प्रदर्शनी तथा बिक्री वितरण।

(घ) मौरीपालन सम्बन्धी प्रविधिहरूको प्रदर्शन।

(ङ) स्टलहरुको मूल्याङ्कन तथा उत्कृष्ट स्टललाई पुरस्कार वितरण।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

६. <u>राष्ट्रिय मह मेला सञ्चालन प्रक्रिया:</u> (१) राष्ट्रिय मह मेला व्यावसायीक कीट विकास केन्द्र, नेपाल मौरीपालक महासङ्घ र नेपाल मौरीपालक केन्द्रिय सहकारी सङ्घ लिमिटेडको संयुक्त आयोजनामा हुनेछ। केन्द्रका साथै महासङ्घ र सहकारी सङ्घ मेला आयोजकका रुपमा रहनेछन्।

(२) राष्ट्रिय मह मेला सञ्चालनको लागि केन्द्र, महासङ्घ र सहकारी सङ्घको आपसी समन्वयमा प्राविधिक, आर्थिक र भौगोलिक दृष्टिकोणले उपयुक्त स्थान छनौट गरिनेछ।

(३) मेला सञ्चालनका लागि आयोजकले केन्द्रसँग सम्झौता हुनु अघि कार्यक्रममा हुने अनुमानित खर्च सहितको मेला आयोजना प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको मेला आयोजना प्रस्तावमा समावेश भएका क्रियाकलापहरु सञ्चालन सहयोग एवम् सहयोगका सम्बन्धमा वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानून बमोजिम केन्द्र, सहकारी सङ्घ र महासङ्घ बीच त्रिपक्षिय सम्झौता गरीनेछ।

(५) उपदफा (४) अनुसारको सम्झौता बमोजिम मेला अन्तर्गत स्टल निर्माण खर्च, मेला सञ्चालन गर्ने स्थानको भाडा, पालो पहरा (मेला स्थल सुरक्षार्थ), विज्ञापन खर्च, गोष्ठी सञ्चालन, सांस्कृतिक कार्यक्रम, प्रमाणपत्र तथा मायाको चिनो, उत्कृष्ट स्टल पुरस्कार, स्वागत गेट तथा मञ्च निर्माण, मसलन्द खर्च (ब्रोसियर, ब्यानर, फ्लेक्स बोर्ड, पोष्टर, ब्याच), स्वयंसेवक परिचालनको खाजा तथा खाना, उद्‌घाटन र समापन खर्च (खाजा, मञ्च सजावट), साउण्ड सिस्टम (जेनेरेटर सहित) लगायतका शीर्षकहरूमा स्वीकृत वार्षिक बजेट र प्रचलित खर्चको मापदण्डको अधिनमा रही सहयोग रकम प्रदान गरिनेछ।

(६) उपदफा (५) बमोजिमका शिर्षकमा कार्यक्रमबाट प्रवाह भएको अनुदान सहयोग रकम नेपाल सरकारको प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ। कार्यक्रम सम्पन्न भइसके पश्चात अनुदान तर्फको शिर्षकमा खर्च भएको रकमको सक्कल बिल, भरपाई सहितको खर्च विवरण पेश भएपछि मात्र प्रचलित कानुन बमोजिम महासङ्घ र सहकारी सङ्घको सिफारिसमा महासङ्घको नाममा सहयोग रकम भुक्तानी हुनेछ।

(७) उपदफा (१) देखि उपदफा (५) बमोजिमका कार्यक्रम सञ्चालन गर्दा महासङ्घको नाममा आर्थिक कारोबार गरिनेछ। आवश्यकता अनुसार मेला आयोजकले अन्य सरकारी/गैरसरकारी निकाय, सङ्घसंस्था आदिबाट सहयोग प्राप्त गर्न सक्नेछ।

तर एउटा शिर्षकमा लागेको लागत भन्दा बढी हुने गरी कुनै पनि निकायबाट सहयोग लिन पाइने छैन।

(८) मेला आयोजकले कार्यक्रम पूर्ण रुपले सम्पन्न भई सकेपछि कार्यक्रम सम्पन्न प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ।

(९) स्टलमा राखिने कृषक, व्यावसायी तथा उद्यमी छनौट, कृषकहरूको आतेजाते, सामान ढुवानी तथा सहभागीको अन्य व्यवस्थापन, मेला स्थल तथा स्टल सुरक्षा व्यवस्थापन, गोष्ठी सञ्चालन तथा व्यवस्थापन, मञ्च सजावट, सरसफाई तथा अन्य विविध क्रियाकलाप व्यवस्थापन, अतिथि व्यवस्थापन र सांस्कृतिक कार्यक्रम सञ्चालन लगायतका कार्यमा नेपाल मौरीपालक महासङ्घ र नेपाल मौरीपालन केन्द्रीय सहकारी सङ्घ लिमिटेडको भूमिका रहनेछ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

७. <u>राष्ट्रिय मह मेला कार्यक्रम सञ्चालनको न्यूनतम शर्त देहाय बमोजिम हुनेछः</u> (१) स्टलमा राखिने कृषक, व्यावसायी तथा उद्यमी छनौट, कृषकहरूको आतेजाते, सामान ढुवानी तथा सहभागीको अन्य व्यवस्थापन, मेला स्थल तथा स्टल सुरक्षा व्यवस्थापन, गोष्ठी सञ्चालन तथा व्यवस्थापन, मञ्च सजावट, सरसफाई तथा अन्य विविध क्रियाकलाप व्यवस्थापन, अतिथि व्यवस्थापन र सांस्कृतिक कार्यक्रम लगायतका कार्यक्रम सञ्चालनको जिम्मेवारी महासङ्घ र सहकारी सङ्घ लिमिटेडको हुनेछ।

(२) मेला आयोजकले मौरीपालक कृषकहरूलाई स्टल निशुल्क उपलब्ध गराउनु पर्नेछ र स्टलमा प्रदर्शन गर्ने व्यवसायीं/कृषकहरूको मेला आयोजना स्थान सम्मको आतेजाते खर्च र सामान ढुवानी खर्चको व्यवस्थापन समेत महासङ्घ र सहकारी सङ्घले गर्नु पर्नेछ।

(३) मेलामा राखिएका स्टलहरू मध्ये विभिन्न विधामा उत्कृष्ट स्टल वा प्रदर्शन छनोटका लागि व्यावसायिक कीट विकास केन्द्रका प्रतिनिधि सहितको मूल्याङ्कन उपसमिति गठन गरी मूल्याङ्कनका आधारमा उत्कृष्ट स्टललाई पुरस्कृत गर्नु पर्नेछ।

(४) केन्द्रले सम्झौताका शर्त बमोजिम मेला/महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्नेछ।

८. <u>राष्ट्रिय च्याउ मेला आयोजना सहयोग कार्यक्रमः</u> (१) थोरै लगानीबाट राम्रै आर्थिक लाभ लिन सकिने, न्यून आयश्रोत भएका सिमान्तकृत, भूमिहीन कृषकले पनि लाभ लिन सक्ने च्याउको उत्पादन, बजारीकरण तथा व्यवसाय प्रवर्द्धन गर्न, पौष्टिक महत्वका बारेमा जानकारी गराउन र आम उपभोक्ता माझ च्याउका विभिन्न प्रकार तथा परिकार बारे सचेतना अभिवृद्दि गर्न च्याउ उत्पादक किसान सङ्घ नेपालसँगको सहकार्यमा राष्ट्रिय च्याउ मेला आयोजना गरिनेछ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रमबाट च्याउ उत्पादन व्यवसायमा संलग्न कृषक, च्याउ व्यावसायी, च्याउ उपभोग गर्ने उपभोक्ता, सरकारी तथा गैर सरकारी निकाय, उद्यमी तथा अन्य सरोकारवाला लाभान्वित हुनेछन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनका प्रमुख क्रियाकलापहरु देहाय बमोजिम हुनेछन्: -

(क) नेपालमा उत्पादित च्याउका प्रजातिहरूको प्रदर्शन तथा बिक्री वितरण,
(ख) च्याउ उत्पादनसँग सम्बन्धित सरोकारवालाबीच प्रविधि प्रसार मूलक अन्तरक्रिया गोष्ठी सञ्चालन,
(ग) च्याउका विभिन्न परिकारको परिकार महोत्सव,
(घ) च्याउ उत्पादन सम्बन्धी नवीनतम प्रविधिहरूको प्रदर्शनी,
(ङ) उत्कृष्ट स्टलको मुल्याङ्कन तथा पुरस्कार वितरण।

९. <u>राष्ट्रिय च्याउ मेला सञ्चालन प्रक्रियाः</u> (१) राष्ट्रिय च्याउ मेला व्यावसायिक कीट विकास केन्द्र र च्याउ उत्पादक किसान सङ्घ नेपालको संयुक्त आयोजनामा सञ्चालन गरिनेछ। केन्द्रका साथै किसान संघ मेला आयोजकका रुपमा रहनेछन्।

(२) राष्ट्रिय च्याउ मेला सञ्चालनको लागि केन्द्र र च्याउ उत्पादक किसान सङ्घ नेपालको सहकार्यमा प्राविधिक, आर्थिक र भौगोलिक दृष्टिकोणले उपयुक्त स्थान छनौट गरिनेछ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(३) मेला सञ्चालनका लागि च्याउ उत्पादक किसान सङ्घ नेपालले केन्द्रसँग सम्झौता हुनु अघि कार्यक्रममा हुने अनुमानित खर्च सहितको मेला आयोजना प्रस्ताव केन्द्रमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको मेला आयोजना प्रस्तावमा समावेश भएका क्रियाकलापहरुको सञ्चालनमा सहयोग एवम् अनुदान प्रवाहका सम्बन्धमा वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानून बमोजिम केन्द्र र च्याउ उत्पादक किसान सङ्घ नेपालबीच प्रचलित खरिद ऐन बमोजिम द्विपक्षिय सम्झौता गरिनेछ।

(५) उपदफा (४) अनुसारको सम्झौता बमोजिम मेला स्टल निर्माण/भाडा, मेला सञ्चालन गर्ने स्थान भाडा, पालो पहरा (मेला स्थल सुरक्षा), विज्ञापन खर्च, गोष्ठी सञ्चालन, सांस्कृतिक कार्यक्रम, प्रमाणपत्र तथा मायाको चिनो, उत्कृष्ट स्टल पुरस्कार, स्वागत गेट तथा मञ्च निर्माण, मसलन्द खर्च (ब्रोसियर, ब्यानर, फ्लेस बोर्ड, पोष्टर, ब्याच), स्वयंसेवक परिचालन (खाजा/खाना), उद्घाटन र समापन खर्च (खाजा मञ्च सजावट), साउण्ड सिस्टम (जेनेरेटर सहित) लगायतका शीर्षकहरुमा स्वीकृत वार्षिक बजेट र प्रचलित खर्चको मापदण्डको अधिनमा रही सहयोग रकम प्रदान गरिनेछ।

(६) उपदफा (५) बमोजिम प्रवाह हुने अनुदान सहयोग रकम नेपाल सरकारको प्रचलित कानुन बमोजिम खर्च गर्नु पर्नेछ। कार्यक्रम सम्पन्न भइसके पश्चात अनुदान तर्फको शिर्षकमा खर्च भएको रकमको सक्कल बिल, भरपाई सहितको खर्च विवरण पेश भएपछि मात्र प्रचलित कानुन बमोजिम च्याउ उत्पादक किसान सङ्घ नेपालको नाममा भुक्तानी हुनेछ।

(७) उपदफा (१) देखि उपदफा (६) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा च्याउ उत्पादक किसान सङ्घ नेपालको नाममा आर्थिक कारोबार गरिनेछ। आवश्यकता अनुसार मेला आयोजकले अन्य सरकारी/गैरसरकारी निकाय, सङ्घ संस्था आदिबाट सहयोग प्राप्त गर्न सक्नेछ।

तर एउटा शिर्षकमा लागेको लागत भन्दा बढी हुने गरी कुनै पनि निकायबाट सहयोग लिन पाइने छैन।

(८) राष्ट्रिय च्याउ मेला व्यावसायीक कीट विकास केन्द्र र च्याउ उत्पादक किसान सङ्घ नेपालको संयुक्त आयोजनामा हुनेछ। राष्ट्रिय च्याउ मेला आयोजनाको लागि सह-आयोजक र प्रायोजकहरू सहमतिमा निर्धारण गरिनेछ र स्टलमा सहभागी हुने कृषक तथा व्यावसायीको छनौट पारदर्शी हुनुपर्नेछ। जसमा विभिन्न प्रजातिका च्याउ, साना देखि व्यावसायिक कृषक, मूल्य श्रृंखलाका सरोकारवालाहरू तथा अन्य सहभागीको छनौट सूचना प्रकाशन गरि निष्पक्ष ढङ्गमा गर्नु पर्नेछ।

(९) मेला आयोजकले मेला सञ्चालनको लागि आवश्यकता अनुसार मेला आयोजक समिति/उपसमिति गठन गर्न सक्नेछ।

(१०) मेला आयोजकले कार्यक्रम पूर्ण रूपले सम्पन्न भईसकेपछि कार्यक्रम सम्पन्न प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ।

१०. <u>राष्ट्रिय च्याउ मेला कार्यक्रम सञ्चालनका लागि न्यूनतम शर्त:</u> (१) स्टलमा राखिने कृषक, व्यावसायी तथा उद्यमी छनौट, कृषकको आतेजाते खर्च, सामान ढुवानी तथा सहभागीको अन्य व्यवस्थापन, मेला स्थल तथा स्टल सुरक्षा व्यवस्थापन, गोष्ठी सञ्चालन तथा व्यवस्थापन, मञ्च सजावट, सरसफाई तथा अन्य विविध क्रियाकलाप व्यवस्थापन, अतिथि व्यवस्थापन र सांस्कृतिक कार्यक्रम लगायतका कार्यक्रम सञ्चालनको जिम्मेवारी किसान सङ्घको हुनेछ।

(२) मेला आयोजकले च्याउ उत्पादक कृषकलाई स्टल निशुल्क उपलब्ध गराउनु पर्नेछ। स्टलमा प्रदर्शन गर्ने कृषक/व्यावसायीको मेला आयोजना स्थान सम्मको आतेजाते खर्च र सामान ढुवानी खर्चको व्यवस्थापन समेत मेला आयोजकले गर्नु पर्नेछ।

(३) मेलामा राखिएका स्टलमध्ये विभिन्न विधामा उत्कृष्ट स्टल वा प्रदर्शन छनोटका लागि केन्द्रका प्रतिनिधि सहितको मुल्याङ्कन उपसमिति गठन गरी मूल्याङ्कनका आधारमा उत्कृष्ट स्टललाई पुरस्कृत गर्नु पर्नेछ।

(४) केन्द्रले सम्झौताका शर्त बमोजिम मेला/महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्नेछ।

## परिच्छेद – ३

## बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम

## कार्यक्रमको उद्देश्य, सञ्चालन गरिने क्रियाकलाप एवम् प्रक्रिया, व्यवस्थापकीय पक्ष र प्रासङ्गिक विषयहरु

११. **कार्यक्रमको उद्देश्य:** खाद्यान्न, दलहन, तेलहन, रैथाने लगायतका बालीको उत्पादन प्रवर्द्धन, बीउ संरक्षण तथा उत्पादन, कृषि जैविक विविधता संरक्षण तथा प्रवर्द्धन एवम् फार्म केन्द्रको संस्थागत सुदृढीकरण यस कार्यक्रमको उद्देश्य रहेको छ।

१२. **कार्यक्रम सञ्चालन गर्ने निकाय तथा बजेट व्यवस्थापन:** (१) यस परिच्छेद अन्तर्गतको कार्यक्रम बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र तथा मातहतका फार्म केन्द्रबाट मार्फत सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रम सञ्चालनका लागि केन्द्रको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ र वार्षिक स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१३. **अनुदान उपलब्ध गराउन सक्ने:** (१) केन्द्र र फार्म केन्द्रले स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यविधिको दफा १८ देखि दफा २१ मध्ये उल्लिखित कार्यक्रम तथा सो अन्तर्गतका क्रियाकलाप सञ्चालनका लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुदानका कार्यक्रम सञ्चालन गर्नका लागि केन्द्र वा फार्म केन्द्रको स्वीकृत वार्षिक कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ। कार्यक्रम सञ्चालन गर्दा दफा १४ बमोजिमको अनुदानको सीमा र सम्बन्धित केन्द्र वा फार्म केन्द्रको स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही सञ्चालन गर्नु पर्नेछ।

१४. **अनुदान रकमको सीमा र प्रतिशत:** यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापमा अनुदानको सीमा देहाय बमोजिम हुनेछ:-

(क) निजी एव्म व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरुको निर्माणको हकमा अधिकतम (५०) पचास प्रतिशत हुनेछ।

(ख) केन्द्र तथा फार्मबाट सञ्चालन गरिने मेला, दिवस, प्रयोगशाला सेवा, तालिम, गोष्ठी, अन्तरक्रिया, सचेतना, प्रविधि प्रदर्शन, आकस्मिक बाली संरक्षण सेवा लगायतका कृषि प्रसार कार्यक्रमको हकमा (१००) शत प्रतिशत हुनेछ।

(ग) कृषि उत्पादन सामाग्री, कृषि यन्त्रको हकमा अनुदानको सीमा अधिकतम (५०) पचास प्रतिशत हुनेछ।

(घ) सामुदायिक बीउ बैंकको सुदृढिकरण तथा सामुदायिक बीउ बैंकबाट हुने अध्ययन, अभिलेखिकरण र प्रदर्शनका कार्यक्रममा अनुदानको सीमा अधिकतम ८५ (पचासी) प्रतिशत हुनेछ।

१५. <u>प्रस्ताव आह्वान तथा माग सङ्कलन</u>: (१) यस परिच्छेद बमोजिमका अनुदानका कार्यक्रममा सहभागी हुन लक्षित बर्गबाट प्रस्ताव आह्वान तथा माग सङ्कलन गर्न केन्द्र वा फार्म केन्द्रले अनुसूची-१ बमोजिमको ढाँचामा २१ (एक्काइस) दिनको समयसीमा तोकि सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) को सूचना अनुसार ईच्छुक निवेदकले तोकिएको म्यादभित्र तोकिएको निकायमा अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

१६. <u>लाभग्राही छनौट र सम्झौता:</u> (१) रितपूर्वक प्राप्त आवेदनको प्राविधिक र आर्थिक पक्षको मूल्याङ्कनका लागि केन्द्र वा फार्म केन्द्रले प्रचलित कानून बमोजिमको मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले देहाय बमोजिम कार्यहरु गर्नुपर्नेछ

(क) सूचनामा तोकेको आधारभूत पक्ष/मापदण्ड बमोजिम प्रस्तावको मूल्याङ्कन तथा छनौटको आधारहरू तयार गर्ने,

(ख) प्राप्त प्रस्तावको मूल्याङ्कन गरी अनुदानग्राही छनोट एव्म सिफारिस गर्ने,

(ग) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौता सम्बन्धी आवश्यक पूर्व तयारी गरी केन्द्रसमक्ष सिफारिस गर्ने।

(३) उपदफा (२) बमोजिम छनौट भएका अनुदानग्राहीसँग निजले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एव्म अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम तथा सम्झौताका अन्य विषय उल्लेख गरी केन्द्रले अनसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

१७. <u>अनुदान प्रवाह तथा भुक्तानी:</u> (१) यस परिच्छेद अन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने अनुदानग्राहीलाई दफा १४ अनुसारको अनुदान सुविधा प्रदान गरिनेछ।

(२) अनुदानग्राहीले अनुदान भुक्तानी माग गर्नका लागि तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न गरी केन्द्र वा फार्म केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन र संलग्न कागजातको चेकजाँच एव्म स्थलगत अनुगमन प्रतिवेदन अनुसार कार्य सम्पादनको आधारमा केन्द्र वा फार्म केन्द्रले प्रचलित कानून बमोजिम अनुदानग्राहीको बैंक खातामा अनुदान रकम भुक्तानी दिनु पर्नेछ।

१८. <u>कृषक, कृषक समूह वा सहकारी, सामुदायिक बीउ बैंक वा अन्य संस्थालाई अनुदान सहयोग:</u>(१) यस कार्यक्रम अन्तर्गत केन्द्रले स्वीकृत वार्षिक कार्यक्रम र यस कार्यविधिको अधिनमा रही खाद्यान्न, दलहन र तेलहन बालीका रैथाने जातका बीउ उत्पादन, रैथाने बालीका बीउ उत्पादन र रैथाने बालीका खायन अन्न वा मूल्य अभिवृद्धि गरिएका वस्तुको उत्पादन एव्म बजारीकरण र कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषक, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक र फर्म, कम्पनी वा संस्थालाई क्षमता विकास, सुदृढीकरण वा प्रोत्साहन गर्न अनुदान उपलब्ध गराउनेछ।

(२) केन्द्रले खाद्यान्न, दलहन र तेलहन बालीका रैथाने जातका बीउ र रैथाने बालीका बीउ उत्पादनमा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सक्नेछ:-

(क) बीउ उत्पादनका लागि श्रोत बीउ वितरण,

(ख) बीउ उत्पादनमा प्रयोग हुने उपकरणहरु जस्तै मिनी/पावर टीलर, विडर, हार्भेष्टर, थ्रेसर, बीउ प्रसोधन मेसिन र बीउ प्याकेजीङ तथा लेबलिङ मेसिन वितरण,

(ग) भण्डारणका लागि आवश्यक मेटल बीन, हर्मेटिक व्याग र बोरा वितरण,

(घ) खडा बीउ बाली तथा भण्डारण गरिएको बीउ संरक्षणका लागि विषादी वितरण,

(ङ) खडा बीउ बाली निरिक्षण तथा बीउ परिक्षणका लागि आवश्यक प्रयोगशाला सेवाहरु।

(३) केन्द्रले रैथाने बाली तथा जातहरूको मूल्यश्रृंखला अभिवृद्धि गर्नका लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सक्नेछ:-

(क) रैथाने बाली उत्पादनका लागि बीउ वितरण,

(ख) खनजोत, गोडमेल, कटानी, थ्रेसिङ र प्रशोधनका लागि मेसिन उपकरण वितरण,

(ग) ब्रान्डिङ्ग, लेवलिङ र प्याकेजिङमा सहयोग,

(घ) परिकार विविधिकरण र रेसिपि किताब निर्माण तथा प्रकाशनमा सहयोग,

(ङ) बजारीकरणमा प्रोत्साहन सहयोग,

(च) रैथाने बालीहरुको महत्व बारे सचेतानामूलक सामाग्री निर्माण तथा प्रसारणमा सहयोग।

(४) केन्द्रले देशका विभिन्न स्थानमा सहकारी वा संस्थाहरूमार्फत सञ्चालित सामुदायिक बीउ बैंकहरूको सुदृढीकरण र कृषि जैविक विविधता संरक्षण एव् प्रवर्द्धनका लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सक्नेछ:-

(क) रैथाने बाली तथा जातहरूको बीउको प्रदर्शन,

(ख) प्रदर्शनका लागि जैविक विविधता प्रदर्शनी स्थल (Diversity Block) स्थापना,

(ग) प्रदर्शनका लागि फिल्ड जिन बैंक स्थापना,

(घ) कृषि जैविक विविधताको अध्ययन र अभिलेखिकरण,

(ङ) रैथाने जातहरूको व्यावसायिक सम्भाव्यता पहिचान र पञ्जिकरण,

(च) बीउ उत्पादनमा आवश्यक साना संरचना सामग्रि (बीउ भण्डारण बिन, बोरा, बीउ प्याकेजिङ्ग पाउच, लेवल छपाई, सिलिङ्ग मेसिन, बोरा सिउने मेसिन आदि) वितरण,

(छ) बीउ बैंकमा जानकारीमूलक सूचना बोर्ड वा फ्लेक्स निर्माण,

(ज) बीउ बैंकहरुको मर्मत संभार।

१९. <u>व्यावसायिक मकै उत्पादन मोडेल कार्यक्रम (Maize Commercialization Model Program):</u> (१) व्यावसायिक मकै उत्पादन मोडेल कार्यक्रम मार्फत दाना उद्योगको मागलाई ध्यानमा राखी

बहुसरोकारवालाहरुको संलग्नतामा हिउँदे/बसन्ते सिजनमा खाली रहने जग्गामा दिगो रुपमा मकैको व्यावसायिकरण तथा प्रवर्द्धनात्मक खालका क्रियाकलाप सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सक्नेछः-

(क) केन्द्रले हिंउदे वा बसन्ते मकैको व्यावसायिकरणका लागि संघीय सशर्त वित्तीय हस्तान्तरण मार्फत व्यावसायिक मकै उत्पादन मोडेल कार्यक्रम सञ्चालन हुने स्थानीय तहमा गठन तथा दर्ता हुने बहुसरोकारवाला मन्च (Multi-stakeholder's Platform) लाई उक्त क्षेत्रमा मकैको व्याबसायिकरणको लागि समन्वय तथा सहजिकरण सम्बन्धी क्रियाकलाप सञ्चालनका लागि बजेट उपलब्ध गराउन सक्नेछ। बहुसरोकारवाला मन्चले आवश्यकता अनुसार बैठक, तालिम, भ्रमण र गोष्ठी लगायतका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(ख) केन्द्रले कार्यक्रम सञ्चालनका लागि बहुसरोकारवाला मञ्चसँग सम्झौता गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य सम्पादनको आधार र आवश्यक बिल भरपाईको आधारमा केन्द्रले मञ्चको बैंक खातामा भुक्तानी दिनु पर्नेछ।

(ग) केन्द्रले वार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यावसायिक मकै उत्पादन मोडेल कार्यक्रम अन्तर्गत समूह, सहकारीहरुलाई सिंचाइ पूर्वाधार निर्माण, जग्गा तयारी, खनजोत, रोप्ने र मकैको उत्पादनोपरान्त प्रयोग हुने कृषि यन्त्रमा दफा १४ बमोजिमको अनुदान सुविधा उपलब्ध गराउन सकिनेछ।

२०. <u>फार्म केन्द्रहरू मार्फत फार्म बाहिरका स्थानमा उन्नत बीउ उत्पादनः</u> (१) केन्द्र अन्तर्गतका फार्म केन्द्रहरूबाट स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही जिल्लास्थित कृषि हेर्ने प्रादेशिक कार्यालय र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा फार्म केन्द्र भन्दा बाहिरका स्थानहरुमा खाद्यान्न, दलहन र तेलहन बालीहरूका उन्नत बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) फार्म बाहिर उन्नत बीउ उत्पादन कार्यक्रम सञ्चालनका लागि निम्न बमोजिमको प्रक्रिया अपनाइनेछ।

(क) सम्भाव्य क्षेत्र पहिचान,
(ख) सूचना प्रकाशन तथा आवेदन संकलन,
(ग) आवेदक छनोट,
(घ) छनोट भएको आवेदकसँग सम्झौता,
(ङ) कार्यक्रम सञ्चालन, अनुगमन तथा भुक्तानी।

(३) यस कार्यक्रम सञ्चालनका लागि सम्भाव्य क्षेत्र र आवेदकका आधारहरु निम्न रहने छन्:-

(क) क्लस्टरमा बीउ उत्पादन भइ स्वीकृत कार्यक्रममा लक्षित क्षेत्रफल पुग्ने,
(ख) सिंचाइ सम्भाव्यता,
(ग) सडक पहुँच,
(घ) बीउ भण्डारण र ग्रेडिङ्ग सुविधा,

(ङ) बीउ बिजन कारोबारको अनुमति,

(च) बीउ उत्पादनमा आवेदकको अनुभव।

(४) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ:

(क) श्रोत बीउ वितरण,

(ख) बीउ उत्पादन सम्बन्धि तालिम,

(ग) खडा बीउ बाली निरीक्षण सेवा,

(घ) बीउको प्रयोगशाला परीक्षण सेवा,

(ङ) खडा बीउ निरीक्षण र बाली संरक्षण सेवा,

(च) उत्पादित बीउको ग्रेडिङ सेवा,

(छ) बीउ प्याकेजिङ्ग, बोरा वितरण,

(ज) बीउ बजारीकरणमा समन्वय।

२१. <u>विशिष्टीकृत विशेषज्ञ सेवा प्रदायक (सेन्टर अफ एक्सलेन्स) कार्यक्रम</u> (१) यस कार्यक्रम अन्तर्गत केन्द्र मातहतका फार्म केन्द्रलाई आधुनिक तथा नवीनतम कृषि प्रविधिहरूको सिकाई तथा प्रविधि प्रसारको विशिष्टीकृत विशेषज्ञ सेवा प्रदायक (सेन्टर अफ एक्सलेन्स) को रुपमा विकास गर्न आवश्यक पूर्वाधार विकास, प्राविधिक र व्यवस्थापकिय क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

(२) सञ्चालन गरिने प्रमुख क्रियाकलाप र प्रक्रिया:

(क) फार्म केन्द्रलाई सेन्टर अफ एक्सलेन्सको रुपमा अगाडि बढाउन क्रमिक रुपमा पूर्वाधार विकासदेखि प्रविधि विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। शुरुवाति अवस्थामा अति आवश्यक पूर्वाधारको निर्माण जस्तै: सिंचाई कुलो मर्मत, भण्डारण कक्ष निर्माण तथा मर्मत सम्भार, बीउ उत्पादन तथा भण्डारणसँग सम्बन्धित संरचनाहरूको निर्माण, मर्मत तथा सुधारका कार्यहरू गरिनेछ।

(ख) फार्मलाई Agri-mechanization hub को रुपमा स्थापित गर्नको लागि आवश्यक कृषि यन्त्र खरिद गरी फार्म परिसरमा विभिन्न कृषि कर्ममा समुचित उपयोग गरिनेछ। स्थानीय तथा प्रादेशिक तहमा कार्यरत प्राविधिकको क्षमता अभिवृद्धि गर्न र कृषक, व्यवसायी, सामुदायिक बीउ बैंक संचालक र बीउ उत्पादकलाई कृषि यन्त्रको बारेमा प्रचार प्रसार गर्नको लागि तालिम, प्रदर्शनी कार्यक्रमहरू तथा विशिष्टीकृत परामर्श सेवा सञ्चालन गरिनेछ।

(ग) फार्मलाई Seed hub को रुपमा विकास गर्नको लागि नेपाल सरकारले दर्ता गरेका विभिन्न बालीका जातहरूको फार्म क्षेत्रमा नियमित रुपमा प्रदर्शनी कार्यक्रमहरू सञ्चालन गरिनेछ र खाद्यान्न, दलहन र तेलहन बालीहरूका मूल तथा प्रमाणित स्तरका बीउ उत्पादन एवम् विक्री वितरण गरिनेछ।

(घ) Seed laboratory को स्तरोन्नति गर्नको लागि ISTA (International Seed Testing Association) मापदण्ड अनुसार बीउ उमारशक्ति, भौतिक शुद्धता, बीउको चिस्यान, बीउको ओजस तथा बीउको स्वस्थताको परीक्षण लगायतका

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

प्राविधिक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार तथा ल्याव उपकरणहरूको खरिद तथा उपयोग गरिनेछ।

(ङ) विभिन्न खाद्यान्न, दलहन, तेलहन बालीसँग सम्बन्धित नवीनतम कृषि प्रविधि जस्तै Dry DSR, Wet DSR, Zero tillage, Surface mulching, SRI/SWI technology, हाइब्रिड विउ उत्पादनका लागि inbred line maintenance आदि को लागि प्रदर्शनी कार्यक्रम सञ्चालन गरि प्रविधिको व्यापक प्रचार प्रसार गरिनेछ। यसका लागि स्थानीय तथा प्रदेश तह, बीउ उत्पादक र कृषक समूह वा कृषि सहकारीबाट सहभागीको छनौट गरिनेछ ।

(च) तालिम/प्रदर्शनीको विषयवस्तु अनुसार सम्बन्धित सरोकारवाला निकाय वा विषय विज्ञसँग समन्वय गरि श्रोत व्यक्ति वा प्रशिक्षकको व्यवस्था गरिनेछ।

## परिच्छेद - ४

## कष्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रम

### कार्यक्रमको उद्देश्य, सञ्चालन गरिने क्रियाकलाप एवम् प्रकिया, व्यवस्थापकीय पक्ष र प्रासङ्गिक विषयहरु

२२. **कार्यक्रमको उद्देश्य:** यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:-

(क) कृषि यन्त्रको प्रयोगबाट जमिन तथा श्रमको उत्पादकत्व बृद्धि र उत्पादन लागत घटाउन सहयोग गर्ने,

(ख) कृषि यन्त्रको प्रयोगबाट कृषि क्षेत्रमा युवाहरुको आकर्षण बृद्धि गरी कृषि उद्यम वा उद्यमीको विकास गर्ने,

(ग) कृषि कर्ममा प्रयोग हुने विभिन्न किसिमका कृषि यन्त्रमा साना तथा सिमान्तकृत कृषकको पहुँच बढाउने,

(घ) जमिन तयारी देखि बाली उत्पादनोपरान्त गरिने प्रशोधन, भण्डारण र ढुवानी कार्यका लागि कृषि यन्त्रहरुको प्रयोगमा वृद्धि गरी कृषकको कार्यबोझलाई कम गर्ने,

२३. **कार्यक्रम सञ्चालन गर्ने निकाय तथा बजेट व्यवस्थापन:** (१) यस परिच्छेद अन्तर्गतको कार्यक्रम सञ्चालनका लागि कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र वा मन्त्रालय मातहतको सम्बन्धित निकायको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ र वार्षिक स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रम अन्तर्गत कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालनका लागि आवश्यक भौतिक संरचना निर्माण र तोकिएका कृषि यन्त्रको खरिदमा अनुदान उपलब्ध गराइनेछ।

२४. **सूचना प्रकाशन र प्रस्ताव संकलन:** (१) कार्यक्रम सञ्चालनका लागि केन्द्रले अनुसूची-४ बमोजिमको ढाँचामा राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा २१ दिनको समय सीमा तोकी सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नुपर्नेछ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(२) उपदफा (१) बमोजिमको सूचनाको अधिनमा रही कार्यक्रममा सहभागी हुन आवेदकले अनुसूची-५ र अनुसूची-६ बमोजिमको ढाँचामा तोकिएका कागजातहरु सहित तोकिएको म्यादभित्र केन्द्रमा प्रस्ताव पेश गर्नु पर्नेछ।

२५. <u>आवेदकले पालना गर्नुपर्ने न्यूनतम शर्तहरु</u>: आवेदकले यस कार्यक्रमको लागि अनुदान प्राप्त गर्न निम्न बमोजिमको न्यूनतम शर्तहरु पालना गरेको हुनुपर्नेछः-

(क) नेपाल सरकारको प्रचलित कानून बमोजिम सम्वन्धित निकायमा दर्ता भएको।

(ख) कार्यक्रम सञ्चालनको लागि कम्तिमा ३ कट्ठा जग्गा आफ्नो स्वामित्वमा भएको वा कानूनी तवरबाट कम्तीमा १५ बर्षको लागि लिजमा लिएको प्रमाण पेश गरेको।

(ग) कार्यक्रम सञ्चालन गर्ने स्थलको पहुँचको लागि कम्तिमा ५ मीटर चौडा बाटोको व्यवस्था भएको।

(घ) कार्यक्रम सञ्चालन गर्ने स्थलमा पानी र विद्युतको सुविधा भएको।

(ङ) कार्यक्रम सञ्चालनका लागि प्रदेशको जिल्लास्थित कृषि विषय हेर्ने कार्यालयबाट अनुसूची- ८ बमोजिमको सिफारिस पेश गरेको।

(च) कार्यक्रम सञ्चालनका लागि अनुसूची- ९ बमोजिमको प्रतिवद्धता पत्र पेश गरेको।

(छ) यस परिच्छेद बमोजिमको कार्यक्रम सञ्चालनका लागि अन्य कुनै संघ/संस्था/निकायबाट अनुदान प्राप्त नगरेको वा गर्ने क्रममा नरहेको स्वघोषणा गरेको।

(ज) सञ्चालनमा रहेको कष्टम हायरिङ्ग सेन्टरले सोही सेन्टरको स्तरोन्नतिको लागि अनुदान माग नगरेको।

२६. <u>प्रस्तावको प्रारम्भिक मूल्याङ्कन</u>: (१) दफा २४ बमोजिम तोकिएको म्यादभित्र रितपूर्वक दर्ता भएका प्रस्ताव उपर दफा ३३ बमोजिमको मूल्याङ्कन समितिले प्रारम्भिक मूल्याङ्कन गर्नेछ। मूल्याङ्कन समितिले प्रारम्भिक मूल्याङ्कन गर्दा प्रस्तावहरु निम्न बमोजिम भए नभएको चेकजाँच गर्नेछ।

(क) जग्गाको उपलव्धता,

(ख) बाटो, विजुली र पानीको उपलव्धता,

(ग) दर्ता प्रमाणपत्र, प्यान वा भ्याट दर्ता प्रमाणपत्र र करचुक्ताको प्रमाणपत्र,

(घ) कृषक समूह, कृषि सहकारी संस्था वा निजी वा साझेदारी फर्म वा कम्पनीको माइन्यूट (एकल स्वामित्व भएको नीजि फर्म बाहेकको हकमा),

(ङ) अनुसूची - ३ बमोजिमको विवरण पेश गरे, नगरेको,

(च) अनुसूची - ५ र अनुसूची - ६ बमोजिमको विवरण पेश गरे, नगरेको।

(२) प्रारम्भिक मूल्याङ्कनको क्रममा मूल्याङ्कन समितिले आवश्यक देखेमा वा थप पुष्ट्याई गर्नुपर्ने भएमा थप कागजातहरु माग गर्न सकिनेछ।

२७. <u>स्थलगत निरीक्षण</u>: प्रारम्भिक मूल्याङ्कनमा सफल भएका प्रस्तावको हकमा केन्द्रले कम्तिमा ३ (तीन) सदस्यीय स्थलगत निरीक्षण टोली गठन गरी प्रस्तावमा उल्लेख भए बमोजिम छ, छैन भन्ने विषयमा

स्थलगत निरीक्षण गर्न सक्नेछ। स्थलगत निरीक्षण टोलीले गरेको स्थलगत निरीक्षणको प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ।

२८. <u>प्रस्ताव मुल्याङ्कन, अनुदानग्राहीको छनौट तथा सिफारिसः</u> (१) प्रारम्भिक मूल्याङ्कन र स्थलगत निरीक्षणबाट सफल भएका प्रस्ताव उपर मूल्याङ्कन समितिले अनुसूची- ७ बमोजिमको मूल्याङ्कनको आधारमा मुल्याङ्कन गरी स्वीकृत बार्षिक कार्यक्रमको बार्षिक लक्ष्यको अधिनमा रहने गरी अनुदानग्राहीको छनौट गरी केन्द्र समक्ष सिफारिस गर्नेछ।

(२) अनुदानग्राहीको छनौट गर्दा मूल्याङ्कनको प्राप्ताङ्क अनुसार तयार गरिएको योग्यताक्रमको आधारमा उच्चतम प्राप्ताङ्क हासिल गर्ने आवेदकलाई कार्यक्रम कार्यान्वयनका लागि पहिलो प्राथमिकता दिइनेछ।

(३) पहिलो प्राथमिकतामा परेका अनुदानग्राहीले कार्यक्रम सञ्चालन गर्न असमर्थ भएमा प्राथमिकता क्रममा रहेको क्रमशः अर्को अनुदानग्राही छनौट गरिनेछ।

२९. <u>अनुदानग्राहीसँग सम्झौता गर्नेः</u> केन्द्रले कार्यक्रम सञ्चालनको लागि छनौट भएका अनुदानग्राहीसँग अनुदान प्रवाह, खरिद प्रकृया, अनुदानग्राहीले पालना गर्नुपर्ने शर्तहरु र भुक्तानी प्रकृया समेत उल्लेख गरी अनुसूची- १० बमोजिमको दुई पक्षीय सम्झौता गर्नुपर्नेछ।

३०. <u>कृषि यन्त्रको छनौट, स्पेशिफिकेसन तयारी, भौतिक संरचनाहरुको डिजाइन तथा लागत अनुमान तयारीः</u> (१) अनुदानग्राहीको छनौट पश्चात अनुदानग्राहीको आवश्यकता अनुसारको भौतिक संरचनाको डिजाइन तथा लागत अनुमानको तयारी र उपयुक्त कृषि यन्त्रको छनौट, स्पेशिफिकेसन तथा लागत अनुमान तयारी केन्द्रले गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका कृषि यन्त्रको छनौट गर्दा केन्द्रले कष्टम हायरिङ्ग सेन्टरले दिने सेवा तथा कार्यक्षेत्र, स्थानीय बाली चक्र तथा प्रणाली, क्षेत्रफल जस्ता सुचकहरुको आधारमा गर्नुपर्नेछ।

(३) दफा २८ बमोजिम छनौट भई दफा २९ बमोजिम सम्झौता गरेका अनुदानग्राहीले यस परिच्छेद बमोजिमको कार्यक्रम सञ्चालनका लागि भौतिक संरचना निर्माण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माण कार्य गर्नुपर्नेछ।

३१. <u>आपूर्तिकर्ताको सूचीकरणः</u> (१) अनुदानग्राहीको माग र तोकिएको गुणस्तर अनुसारका कृषि यन्त्रको आपूर्तिको सुनिश्चितताका लागि केन्द्रले दफा ३० को उपदफा (१) बमोजिम तोकिएका स्पेशिफिकेसन अनुसारका कृषि यन्त्रको आपूर्ति गर्न सक्ने आपूर्तिकर्ताको सूची तयार गर्नुपर्नेछ।

(२) केन्द्रले उपदफा (१) बमोजिमको आपूर्तिकर्ताको सूची तयार गर्न, कृषि यन्त्रको प्राविधिक स्पेशिफिकेसन, व्यापारिक योग्यता, कानूनी ग्राह्यता, कृषि यन्त्रको मूल्य जस्ता विवरण समावेश गरी अनुसूची- ११ बमोजिमको ढाँचामा ३० दिनको म्याद दिई संभाव्य आपूर्तिकर्ताबाट प्रस्ताव माग गर्नका लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका आपूर्तिकर्ताहरुको अनुसूची- १२ बमोजिमको प्रस्ताव उपर दफा ३३ बमोजिमको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी न्युनतम योग्यता पुगेका आपूर्तिकर्ताको सूची र निज आपूर्तिकर्ताले आपूर्ति गर्न सक्ने कृषि यन्त्रको विवरण र मूल्य सूची तयार गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम तयार गरिएको आपूर्तिकर्ताको सूची र निज आपूर्तिकर्ताले आपूर्ति गर्न सक्ने कृषि यन्त्रको विवरण र मूल्यको बारेमा केन्द्रले सम्बन्धित अनुदानग्राहीलाई जानकारी गराउनुपर्नेछ र सो सम्बन्धी विवरण केन्द्रको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ।

३२. <u>अनुदान रकम निर्धारण तथा अनुदान प्रवाहः</u> (१) यस परिच्छेद बमोजिमको कार्यक्रम अन्तर्गत अनुदानमा उपलब्ध गराइने कृषि यन्त्रको अनुदान रकम निर्धारण गर्दा दफा ३१ बमोजिम सूचीकृत आपूर्तिकर्ता मध्येबाट जुन आपूर्तिकर्ताले तोकिएको प्रकारको कृषि यन्त्र, औजार तथा उपकरणको सबैभन्दा घटी वा कम मूल्य कबोल गरेको छ सोही कबोल मूल्यलाई आधार मानी सोको अधिकतम पचास (५०) प्रतिशत रकम मात्र अनुदान रकमका रुपमा निर्धारण गरिनेछ।

(२) कुनै अनुदानग्राहीले सोही प्रकारको तर बढी मूल्य पर्ने कृषि यन्त्र सूचीकृत आपूर्तिकर्ताहरु मध्येबाट खरिद गर्न चाहेमा उपदफा (१) बमोजिम निर्धारण गरिएको रकम मात्र अनुदानको रुपमा भुक्तानी गरिनेछ। तोकिएको अनुदान रकम भन्दा बढी पर्न गएको सम्पूर्ण रकम अनुदानग्राही आफैले व्यहोर्नु पर्नेछ।

(३) कार्यक्रम सञ्चालनका लागि मेशिनरी सेड जस्ता भौतिक संरचनाहरुको निर्माणको हकमा लागत अनुमान अनुसार गरिएको जम्मा निर्माण खर्चको अधिकतम पचास (५०) प्रतिशत रकम मात्र अनुदानका रुपमा उपलब्ध गराइनेछ। यस्तो अनुदान रकमको भुक्तानी सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिमको निर्माण कार्य गर्दा कुनै कारणबश निर्माण खर्च लागत अनुमान भन्दा बढी भएको खण्डमा अनुदानको लागि तोकिएको रकम बाहेक अन्य सम्पूर्ण खर्च अनुदानग्राही आफैले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिम निर्धारण गरिएको अनुदान रकम प्राप्त गर्नका लागि अनुदानग्राहीले दफा ३१ अनुसार सूचीकृत आपूर्तिकर्ता मध्येबाट खरिद गरेको हुनुपर्नेछ।

(६) अनुदानग्राहीले अनुदान रकम भुक्तानी माग गर्दा अनुसूची- १३ बमोजिमको ढाँचामा सूचीकृत आपूर्तिकर्ताबाट सम्बन्धित कृषि यन्त्र बुझेको भर्पाई, अनुसूची- १४ बमोजिमको ढाँचामा आपूर्तिकर्ताले यन्त्रको आपूर्ति गरी भुक्तानी लिएको भर्पाई तथा निज आपूर्तिकर्ताबाट जारी गरिएको बिलसहित केन्द्रमा निवेदन पेश गर्नुपर्नेछ।

(७) अनुदानग्राहीलाई अनुदान भुक्तानी गर्नु पूर्व केन्द्रले विषय विशेषज्ञ सहितको कम्तिमा ३ (तीन) सदस्यीय निरिक्षण टोली गठन गरी यस कार्यविधि बमोजिमको प्रक्रिया र तोकिएको गुणस्तरको कार्य भए नभएको सम्बन्धमा स्थलगत निरीक्षण गरी कार्य सम्पादन प्रतिवेदनका आधारमा अनुदानग्राहीको बैंक खातामा भुक्तानी दिनुपर्नेछ।

३३. <u>मूल्याङ्कन समितिको गठनः</u> (१) केन्द्रले यस परिच्छेद बमोजिम दफा २६ अनुसारको प्रस्तावको प्रारम्भिक मूल्याङ्कन गर्न, दफा २८ अनुसारको प्रस्ताव मूल्याङ्कन, अनुदानग्राही छनौट तथा सिफारिस गर्न र दफा ३१ अनुसारको आपूर्तिकर्ताको सूचीकरण तथा मूल्याङ्कन गर्नका लागि निम्न बमोजिमको मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

(क) वरिष्ठ कृषि इन्जिनियर कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र -संयोजक
(ख) कृषि इन्जिनियर, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र -सदस्य
(ग) आर्थिक प्रशासन प्रमुख, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र -सदस्य

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(घ) कानून अधिकृत, मन्त्रालय वा विभाग वा अन्य सरकारी निकाय -सदस्य

(ङ) खरिद एकाई प्रमुख, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले केन्द्र प्रमुखको स्वीकृति लिई बढीमा दुई जना विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः -

(क) रितपूर्वक दर्ता हुन आएका आवेदकको प्रस्ताव खोली मुचुल्का तयार गर्ने,

(ख) आवेदकको प्रस्तावको प्रारम्भिक मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने र स्थलगत निरिक्षणको लागि सिफारिस गर्ने,

(ग) स्थलगत निरीक्षणबाट सफल भएका आवेदकको प्रस्तावको विस्तृत मूल्याङ्कनको लागि तयार गरिएको अनुसूची - ७ मा उल्लेखित संक्षिप्त मूल्याङ्कनको आधारमा विज्ञापन पूर्व विस्तृत मूल्याङ्कनको आधारहरु तयार गरी केन्द्र प्रमुखसमक्ष पेश गर्ने,

(घ) उपदफा (३) (ग) बमोजिम तयार भएको आधारहरु अनुसार विस्तृत मूल्याङ्कन गरी अनुदानग्राहीको छनौट तथा सिफारिसका लागि केन्द्र प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने,

(ङ) रितपूर्वक दर्ता हुन आएका अनुसूची - १२ बमोजिमका प्रस्तावहरुको मूल्याङ्कन गरी आपूर्तिकर्ताको सूची स्वीकृतिका लागि केन्द्र प्रमुख समक्ष सिफारिस गर्ने।

३४. <u>कृषि यन्त्रको व्यवस्थाः</u> (१) यस कार्यक्रम अन्तर्गत स्थापना तथा सञ्चालन हुने कष्टम हायरिङ्ग सेन्टरले कृषकलाई दिने सेवा र स्थानीय बाली चक्रलाई ध्यानमा राखी जमिन तयारी देखि बाली उत्पादनोपरान्तसम्म प्रयोग हुने सबै कृषि यन्त्रको सकेसम्म एक सेट व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सेवाग्राही कृषकको कृषि यन्त्रको मागको प्रकार र उपलब्ध बजेटको सीमाभित्र रही केन्द्रको राय परामर्शमा कष्टम हायरिङ्ग सेन्टरमा अति जरुरी कृषि यन्त्रको व्यवस्था गर्न सकिनेछ।

३५. <u>भौतिक संरचनाहरुको व्यवस्थाः</u> (१) कष्टम हायरिङ्ग सेन्टरले खरिद गरिएका कृषि यन्त्रहरुको सुरक्षित भण्डारण गर्न, मर्मत संभारका लागि वर्कशप स्थापना गर्न, वासिङ्ग सेन्टर स्थापना गर्न तथा कर्मचारी कक्ष स्थापना गर्ने प्रयोजनको लागि भौतिक संरचनाको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपलब्ध आर्थिक श्रोतको अधिनमा रही प्राथमिकताको आधारमा चरणवद्ध तरिकाले भौतिक संरचनाहरुको निर्माण गर्न सकिनेछ।

३६. <u>जनशक्ति व्यवस्थापनः</u> कष्टम हायरिङ्ग सेन्टरको सेवालाई प्रभावकारी र व्यवस्थित बनाउनको लागि कम्तिमा एकजना व्यवस्थापक, एकजना मेशिन अपरेटर र एकजना लेखा हेर्ने कर्मचारीको आन्तरिक स्रोतबाट व्यवस्था गर्न सकिनेछ।

३७. <u>मर्मत सम्भारः</u> (१) कृषि यन्त्रको नियमित मर्मत संभार गर्नका लागि कृषि यन्त्र औजार भाडामा प्रदान गरे बापतको सेवा शुल्कको १५ प्रतिशत रकम मर्मत सम्भारका लागि छुट्याउनु पर्नेछ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(२) कृषि यन्त्रको दिगोपनाको लागि मर्मत सम्भारका लागि जम्मा भएको रकमबाट कृषि यन्त्र तथा औजारको सर्भिसिङ्ग म्यानुयलमा तोकिए बमोजिम कृषि यन्त्रको नियमित सर्भिसिङ्ग तथा आवश्यकता अनुसार मर्मत सम्भार गर्नु पर्नेछ।

३८. <u>सञ्चालन विधि:</u> (१) अनुदानग्राही तथा सञ्चालकले कष्टम हायरिङ्ग सेन्टरबाट प्रदान गर्ने कृषि यन्त्र सम्बन्धी सेवाहरु, उपलब्ध कृषि यन्त्रको नाम, सेवा शुल्क र अन्य महत्वपूर्ण जानकारीहरु सहितको होर्डिङ्ग बोर्ड तयार गरी सबैले देख्न सक्ने स्थानमा राख्नु पर्नेछ।

(२) कृषकको नाम, बाली, जग्गाको क्षेत्रफल, माग गरिएको कृषि यन्त्र सेवाको प्रकृति, सेवा प्राप्त गर्ने मिति र अन्य आवश्यक विवरण सहित सेन्टरले नमूना निवेदन फाराम तयार गर्नु पर्नेछ र सोही फाराम अनुसार कृषकलाई प्रदान गरेको कष्टम हायरिङ्ग सेवाको रेकर्ड राख्नु पर्नेछ।

(३) व्यवस्थापकले कष्टम हायरिङ्ग सेवाको मागको आधारमा पहिलो निवेदकलाई पहिलो प्राथमिकता दिने गरी कृषि यन्त्रहरुको परिचालनको कार्यतालिका बनाई सोही अनुसार कृषकलाई कष्टम हायरिङ्ग सेवा प्रदान गर्नु पर्दछ।

(४) कष्टम हायरिङ्ग सेवा सम्पन्न पश्चात तोकिएको सेवा शूल्कको आधारमा बिल विजक सहित सम्वन्धित कृषकबाट भुक्तानी माग गर्नुपर्नेछ।

(५) कष्टम हायरिङ्ग सेन्टरको लेखा हेर्ने कर्मचारीले कष्टम हायरिङ्ग सेवासँग सम्वन्धित सम्पूर्ण आम्दानी खर्चको हिसाव दुरुस्तसँग राख्नु पर्नेछ। यसरी हिसाव राख्नको लागि लेखा प्रणाली सम्बन्धी सफ्टवेयरको पनि प्रयोग गर्न सकिनेछ। सेन्टरले सेवा प्राप्त गर्ने कृषकको नाम, बालीको प्रकार, क्षेत्रफल, आय व्यय जस्ता विवरणहरु सहितको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक बर्षको श्रावण महिनाभित्र केन्द्रमा पेश गर्नु पर्नेछ।

(६) कष्टम हायरिङ्ग सेन्टरले कष्टम हायरिङ्ग सेवा सम्बन्धी (३) तीन बर्षको व्यवसायिक योजना तयार गर्नु पर्नेछ। सोही व्यवसायिक योजनामा तोकिएको कृषि यन्त्रहरुको सेवा शुल्कको आधारमा कष्टम हायरिङ्ग सेन्टरले कृषकलाई कष्टम हायरिङ्ग सेवा दिन सक्नेछ।

(७) उपदफा (६) अनुसार तयार गरिएको व्यवसायिक योजना केन्द्रबाट स्वीकृत भएको हुनुपर्नेछ।

३९. <u>समन्वय:</u> अनुदान प्रवाहमा दोहोरोपना हुन नदिन तथा यस कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गर्न केन्द्रबाट सम्बन्धित प्रदेशको जिल्लास्थित कृषि वा पशुसेवा विषय हेर्ने कार्यालयका प्रमुख वा प्रतिनिधि, स्थानीय तहका कृषि शाखा प्रमुख वा प्रतिनिधि र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका जिल्लास्थित कार्यक्रम कार्यान्वयन इकाईका पदाधिकारीसँग आवश्यक समन्वय गर्न सकिनेछ।

४०. <u>अनुगमन तथा मुल्याङ्कन:</u> (१) यस परिच्छेद बमोजिम सञ्चालन हुने क्रियाकलापहरु केन्द्र, विभाग तथा मन्त्रालयबाट एकल वा संयुक्त रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ।

(२) स्थलगत निरीक्षण गर्दा दिईएका मौखिक तथा लिखित सुझावको पालन गरी कार्यक्रम सम्पन्न गर्नु कस्टम हायरिङ्ग सेन्टरको दायित्व हुनेछ।

परिच्छेद- ५

## प्राङ्गारिक कृषि वस्तु निर्यात गर्दा प्रमाणीकरणमा लाग्ने शुल्कमा अनुदान कार्यक्रम

### कार्यक्रमको उद्देश्य, सञ्चालन गरिने क्रियाकलाप एवम् प्रक्रिया, व्यवस्थापकीय पक्ष र प्रासङ्गिक विषयहरु

४१. कार्यक्रमको उद्देश्यः यस कार्यक्रमको उद्देश्य प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरण कार्यलाई सहजिकरण गरी गुणस्तरीय प्राङ्गारिक कृषि उत्पादन तथा व्यापार प्रवर्द्धन मार्फत निर्यात अभिवृद्धिमा सहयोग पुऱ्याउने रहेको छ।

४२. कार्यक्रम सञ्चालन गर्ने निकाय तथा बजेट व्यवस्थापन: (१) यस परिच्छेद अन्तर्गतको कार्यक्रम कृषि विभाग मार्फत विभागको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन सञ्चालन गर्नुपर्नेछ।

४३. सूचना प्रकाशन र सुचिकरण: (१) विभागले यस परिच्छेद बमोजिम प्राङ्गारिक कृषि वस्तु निर्यात गर्दा प्रमाणीकरणमा लाग्ने शुल्कमा अनुदान सहयोग लिन चाहने इच्छुक निर्यातकर्तालाई सूचिकृत हुन एव्म भुक्तानी माग सम्बन्धी आवेदन पेश गर्न अनुसूची- १६ बमोजिमको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा अनुदान प्राप्त गर्ने लाभन्वित वर्गले आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजात एव्म निर्यात गर्नु पर्ने प्राङ्गारिक कृषि उत्पादन बारे स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) दफा ४४ बमोजिमको भुक्तानी माग निवेदन पेश गर्नुभन्दा कम्तिमा ६० दिन अगावै निर्यातकर्ताले अनुमानित निर्यात परिमाण र मूल्य खुलेको विवरणका साथमा सूचनामा माग भए बमोजिमका कागजातहरु सहित अनुसूची - १५ बमोजिम सूचीकरणको लागि विभागमा आवदेन दिनुपर्नेछ। विभागले रित पुगेका आवेदनहरुलाई सूचिकृत गरी सो को जानकारी सम्बन्धित आवेदकलाई दिनुपर्नेछ।

४४. भुक्तानी माग सम्बन्धी व्यवस्था: (१) दफा ४३ बमोजिम सूचीकृत भएका निर्यातकर्ताले भुक्तानी माग गर्दा ढिलोमा सोही आ.व. को जेष्ठ मसान्त भित्र अनुसूची -१७ बमोजिमको आवेदन दिईसक्नुपर्नेछ।

(२) आवेदनका साथमा देहाय बमोजिमका कागजात तथा प्रमाणहरु संलग्न गर्नुपर्नेछ-

(क) निर्यातकर्ताको आयात/ निर्यातकर्ता अनुमती पत्र (Exim Code) को प्रतिलिपी,

(ख) मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ग) निर्यातकर्ताद्वारा जारी गरिएको निर्यातित वस्तुको बिल बिजक र भन्सार प्रज्ञापन पत्र,

(घ) प्राङ्गारिक उत्पादन निर्यात गरे वापत निर्यातकर्ताले प्राप्त गरेको विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाण पुग्ने कागजात वा बैङ्क स्टेटमेन्ट,

(ङ) पछिल्लो आर्थिक बर्षको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,

(च) निर्यातकर्ता स्वयं प्राङ्गारिक कृषि उत्पादनकर्ता नभएको खण्डमा खरिद बिक्रीको सम्झौता पत्रको प्रतिलिपी,

(छ) निर्यात भएको उत्पादन प्राङ्गारिक हो भनी राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधी, २०६९ बमोजिम सम्बन्धन प्राप्त निकायबाट प्रमाणीकरण गरिएको प्रमाणपत्रको प्रतिलिपी,

(ज) प्राङ्गारिक प्रमाणीकरण खर्चको आधिकारीक बिल बिजक,

(झ) निर्यात भएको कृषि उत्पादनको उत्पत्तीको प्रमाणपत्रको प्रतिलिपी,

४५. <u>प्रमाणिकरण शूल्क अनुदान सिफारिस समिति:</u> (१) प्राप्त आवेदनको मूल्याङ्कन गरी अनुदान शूल्क निर्धारण तथा सिफारिस कार्य गर्न देहाय बमोजिमको प्रमाणीकरण शूल्क अनुदान सिफारिस समिति रहनेछ-

(क) उपमहानिर्देशक, योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा, कृषि विभाग - संयोजक

(ख) प्रमुख, कृषि व्यवसाय तथा बजार प्रवर्द्धन शाखा, मन्त्रालय - सदस्य

(ग) उपसचिव प्रतिनिधि (प्रा.), केन्द्रीय कृषि प्रयोगशाला -सदस्य

(घ) उपसचिव प्रतिनिधि (प्रा.), राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र - सदस्य

(ङ) उपसचिव प्रतिनिधि (प्रा.), राष्ट्रिय फलफूल विकास केन्द्र - सदस्य

(च) प्रतिनिधि, कृषि उद्यम केन्द्र - सदस्य

(छ) प्रमुख, बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा, कृषि विभाग – सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवाला संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछ-

(क) प्राप्त प्रस्तावको अध्ययन गरी अनुदानका लागि योग्य रहे नरहेको साथै विनियोजित बजेटको सिमाभित्र रही प्रदान गर्न सकिने अनुदान सहुलियत रकम एकिन गरी विभाग समक्ष सिफारिस गर्ने। यस परिच्छेद बमोजिम निर्यातकर्तालाई दिईने प्रमाणीकरण शुल्कको पचास (५०) प्रतिशत अनुदानका लागि विनियोजित बजेट पर्याप्त नभएको अवस्थामा समितिले योग्य आवेदकलाई निर्यात गरेको मूल्यको आधारमा समानुपातिक रुपमा अनुदान रकम निर्धारण गर्न सक्नेछ। तर यसरी अनुदान रकम निर्धारण गर्दा एक निर्यातकर्तालाई यस कार्यक्रमका लागि स्वीकृत बजेटको पचास (५०) प्रतिशत भन्दा बढी हुनेछैन।

(ख) समितिले आवश्यकता अनुसार उपसमिति गठन गरी कार्य सम्पादन गराउन सक्नेछ।

४६. <u>अनुदान सिमा र भुक्तानी:</u> (१) प्राङ्गारिक कृषि उत्पादनको निर्यात प्रवर्द्धनका लागि निर्यातित प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरणमा लागेको खर्चको बढीमा पचास (५०) प्रतिशत रकम निर्यातकर्तालाई अनुदान स्वरुप भुक्तानी गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपलब्ध बजेटको परिधि भित्र रही बजेट कमी भएको अवस्थामा प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान भुक्तानीका लागि रितपूर्वक पर्न

आएका आवदेन अनुसार दफा ४५ बमोजिमको समितिले निर्धारण गरे बमोजिमको निर्यात गरिएको मूल्यको अनुपातको आधारमा रकम भुक्तानी गरिनेछ।

४७. **असुल उपर गरिने:** (१) कसैले झुट्टा विवरण वा कागजात पेश गरी अनुदान माग गरेको वा प्राप्त गरेको सम्बन्धमा विभागले कुनै माध्यमबाट सूचना वा उजुरी प्राप्त गरेमा उक्त उजुरी उपर छानबिन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा झुट्टा विवरण वा कागजात पेश गरी अनुदान माग गरेको वा प्राप्त गरेको ठहर भएमा त्यस्तो अनुदान बापत प्रदान गरिएको अनुदान रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरी प्रचलित कानून बमोजिम कारवाही गर्न विभागले आवश्यक प्रमाण सहित सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

## परिच्छेद- ६

## नेपाली सेनासँगको सहकार्यमा कृषि उत्पादन बृद्धि, उद्यमशीलता विकास र पूर्वाधार निर्माण कार्यक्रम कार्यक्रमको उद्देश्य, सञ्चालन गरिने क्रियाकलाप एवम् प्रक्रिया, व्यवस्थापकीय पक्ष र प्रासङ्गिक विषयहरु

४८. **कार्यक्रमको उद्देश्य:** यस कार्यक्रमको मुख्य उद्देश्य नेपाली सेना र कृषि विभागमा विद्यमान संस्थागत क्षमताको उच्चतम उपयोग गरि कृषि उत्पादन बृद्धि र उद्यमशीलता विकास मार्फत खाद्य सुरक्षा र आय तथा रोजगारीमा योगदान पुर्याउनु रहेको छ। यसका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) नेपाली सेनाद्वारा सञ्चालित कृषि प्राविधिक जनशक्ति उत्पादन गर्ने अध्ययन संस्थान तथा तालिम केन्द्रको क्षमता अभिवृद्धि गर्ने।

(ख) बाली तथा कृषिजन्य वस्तुहरुको स्रोत केन्द्र विकास गरि गुणस्तरीय कृषि उत्पादन सामग्रीहरु कृषकलाई उपलब्ध गराउने।

(ग) नेपाली सेनामा कार्यरत तथा अवकाश प्राप्त सैनिकहरुको कृषि सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि मार्फत उद्यमशीलता विकास गर्ने।

(घ) मन्त्रालय र नेपाली सेनाबीच कृषि पूर्वाधार विकास, उत्पादन वृद्धि, कृषि जैविक विविधता संरक्षण एव्म नवीनतम प्रविधिको विकास र प्रवर्द्धनका विविध विषयमा सहयोग आदान प्रदान गर्ने।

४९. **कार्यक्रम सञ्चालन गर्ने निकाय तथा बजेट व्यवस्थापन:** (१) यस परिच्छेद अन्तर्गतको कार्यक्रम सञ्चालनका लागि कृषि विभाग तथा मातहतका केन्द्रबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ र वार्षिक स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गरिनेछ।

५०. **सञ्चालन गर्न सकिने क्रियाकलापहरु:** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

(क) कृषिजन्य स्रोत केन्द्र विकास तथा गुणस्तरीय बीउ बिजन, बेर्ना तथा पशु नश्लको उत्पादन तथा वितरण,

(ख) नेपाली सेनामा कार्यरत तथा अवकाश प्राप्त सैनिकलाई व्यवसायिक कृषि एव्म उद्यमशिलता विकास सम्वन्धी तालिम तथा क्षमता अभिवृद्धिका क्रियाकलापहरु,

(ग) नेपाली सेनाद्वारा सञ्चालित कृषि प्राविधिक जनशक्ति उत्पादन गर्ने अध्ययन संस्थान तथा तालिम केन्द्रको पूर्वाधार विकास एव्म सुदृढिकरण तथा क्षमता विकास सम्बन्धी क्रियाकलापहरु,

(घ) कृषि उत्पादन तथा व्यवसायीकरणका लागि पहिचान गरिएका विषय तथा क्षेत्रमा उन्नत कृषि प्रविधि प्रदर्शन तथा समस्या समाधानमुखी कार्यमूलक अनुसन्धान (Action Research) का क्रियाकलापहरु,

(ङ) रैथाने बाली एव्म जात तथा पशु नश्लको संरक्षण र सम्वर्द्धन,

(च) सम्भाव्यताको आधारमा बाँझो जमिनको उपयोग गरि कृषि उत्पादन प्रवर्द्धन,

(छ) उत्पादित उपजको खपत, प्रशोधन तथा बजारीकरण,

(ज) व्यावसायीक कृषि कार्यको लागि नेपाली सेनाका सेवा निवृत जनशक्तिलाई प्राविधिक सहयोग,

(झ) सञ्चार तथा समन्वय।

५१. <u>प्रस्ताव माग गर्ने</u>: (१) विभागले स्वीकृत बार्षिक कार्यक्रम अनुसार दफा ५० बमोजिमका क्षेत्रमा सम्भावित क्रियाकलापहरु सञ्चालनका लागि विभाग र नेपाली सेना मार्फत सञ्चालन गर्न सकिने क्रियाकलापहरु छुट्ट्याई अनुसूची -१८ बमोजिमको ढाँचामा नेपाली सेनासँग प्रस्ताव माग गर्नेछ।

(२) कृषि विभागले विभाग मार्फत सञ्चालन गर्न सकिने क्रियाकलापहरु पहिचान गरी नेपाली सेनासँग आवश्यक समन्वय गर्न सक्नेछ। नेपाली सेना मार्फत सञ्चालन गरिने कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने मातहतको जिम्मेवार निकाय समेत तोक्नुपर्नेछ।

५२. <u>प्राविधिक समिति</u>: (१) कार्यक्रम कार्यान्वयनमा प्राविधिक सहयोग गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछ:-

| | |
|---|---|
| (क) उप-महानिर्देशक, प्रविधि तथा समन्वय महाशाखा, विभाग | - अध्यक्ष |
| (ख) अधिकृत प्रतिनिधि, नेपाली सेना | - सदस्य |
| (ग) कृषि वैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषद् | - सदस्य |
| (घ) प्रमुख, कृषि उत्पादकत्व व्यवस्थापन शाखा, मन्त्रालय | -सदस्य |
| (ङ) प्रमुख, कृषि उत्पादन सामग्री व्यवस्थापन तथा प्रविधि शाखा, विभाग | -सदस्य-सचिव |

(२) समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ।

(क) नेपाली सेनाबाट प्राप्त प्रस्तावित कार्यक्रमको प्राविधिक, आर्थिक लगायतका पक्षहरुको मूल्याङ्कन गरि आवश्यकता अनुसार स्थलगत निरिक्षण समेत गरी विभागको स्वीकृत बजेटको परिधिभित्र रहने गरि नेपाली सेनासँगको लागत साझेदारीमा सञ्चालन हुने र विभाग मार्फत सोझै सञ्चालन हुने क्रियाकलापहरु एकिन गरी स्वीकृतिका लागि विभाग समक्ष सिफारिस गर्ने।

(ख) आवश्यकता अनुसार क्रियाकलाप कार्यान्वयनको लागि प्राविधिक तथा खर्च मापदण्ड तयार गर्ने।

(ग) कार्यक्रम कार्यान्वयनमा नेपाली सेना र विभाग विच लागत साझेदारी एवम् जिम्मेवारी बाँडफाँड स्पष्ट खुलाई दुवै पक्षबीच गरिने सम्झौताको खाका तयार गर्ने।

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने प्राविधिक समस्याहरु समाधान गर्न सहयोग गर्ने।

५३. क्रियाकलाप स्वीकृति तथा कार्यान्वयनको लागि सम्झौता गरिने (१) प्राविधिक समितिको सिफारिसको आधारमा विभागबाट क्रियाकलापहरु स्वीकृत गरिनेछ।

(२) उपदफा (१) बमोजिमको स्वीकृत क्रियाकलाप कार्यान्वयनको लागि नेपाली सेनाले तोकेको सम्बन्धित कार्यान्वयन गर्ने निकाय र विभाग बीच सम्झौता गर्नुपर्नेछ।

५४. कार्यक्रम कार्यान्वयनमा लागत साझेदारी : नेपाली सेना र विभागबीच साझेदारीमा सञ्चालन गरिने क्रियाकलापहरुको हकमा नेपाली सेनाको तर्फबाट कम्तिमा पचास (५०) प्रतिशत लागत साझेदारी हुनुपर्नेछ।

५५. अभिमुखीकरण गर्नुपर्ने: साझेदारीमा सञ्चालन हुने क्रियाकलापहरु सञ्चालन विधि सम्बन्धमा विभागले नेपाली सेना र सम्वद्ध अन्य पक्षहरुलाई अभिमुखीकरण गर्नेछ।

५६. प्रगति विवरण पठाउनु पर्ने: कार्यक्रम कार्यान्वयन सम्झौता बमोजिम सञ्चालित क्रियाकलापहरुको प्रगति विवरण नेपाली सेनाले विभागमा त्रैमासिक रुपमा पठाउनु पर्नेछ।

५७. नेपाली सेनाको भूमिका तथा दायित्व : यस कार्यविधि बमोजिम यस परिच्छेद अन्तर्गतका क्रियाकलाप सञ्चालनमा नेपाली सेनाको भूमिका तथा दायित्व देहाय बमोजिमको हुनेछ:

(क) कार्यक्रम कार्यान्वयनका सन्दर्भमा सम्बन्धित निकाय सहित कार्यक्रम सञ्चालन प्रस्ताव विभाग समक्ष पेश गर्ने।

(ख) विभागबाट यस कार्यविधि बमोजिम स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत र जनशक्तिको व्यवस्थापन/परिचालन गर्ने।

(ग) नेपाली सेनाको जमिन उपयोग, कृषि उत्पादन, रैथाने जातको संरक्षण, पूर्वाधार निर्माण/मर्मत, प्रशोधन र बजारीकरण साथै सेवानिवृत सैनिकलाई व्यावसायिक कृषिमा प्रोत्साहन तथा प्राविधिक सहयोगमा सहजीकरण गर्ने।

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने समस्या समाधान गर्ने/गराउने।

(ङ) अन्य आवश्यक कार्य गर्ने ।

५८. विभागको भूमिका तथा दायित्व :यस कार्यविधि बमोजिमको क्रियाकलाप सञ्चालनमा विभागको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछ:

(क) कार्यक्रम सञ्चालनका लागि नेपाली सेनाबाट प्रस्ताव माग गर्ने र कार्यविधि बमोजिम स्वीकृत गर्ने।

(ख) कार्यविधि बमोजिम स्वीकृत कार्यक्रम कार्यान्वयन व्यवस्था मिलाउने।

(ग) कार्यक्रम सञ्चालनमा नेपाली सेना र अन्य सरोकारवालाहरुसँग सहयोग, समन्वय र सहकार्य गर्ने/गराउने।

(घ) कार्यक्रम कार्यान्वयनलाई सहजीकरण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

(ङ) कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने समस्या समाधान गर्ने/गराउने।

(च) सञ्चालित क्रियाकलापको अनुगमन सहित मन्त्रालयमा पृष्ठपोषण गर्ने।

## परिच्छेद- ७

## राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव कार्यक्रम कार्यान्वयन विधि

५९. <u>राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव मूल समारोह समितिको गठनः</u> (१) राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कृषि विभागका महानिर्देशकको अध्यक्षतामा देहाय बमोजिमको मूल समारोह समिति रहनेछ-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| (ख) | सहसचिव, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र | सदस्य |
| (घ) | प्रमुख, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | सदस्य |
| (ङ) | प्रमुख, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र | सदस्य |
| (च) | उपमहानिर्देशक, कृषि उत्पादकत्व महाशाखा, कृषि विभाग | सदस्य |
| (छ) | उपमहानिर्देशक, योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा, कृषि विभाग | सदस्य |
| (ज) | प्रमुख, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्द्धन केन्द्र | सदस्य |
| (झ) | निर्देशक, राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (ञ) | प्रतिनिधि, अध्यक्षले तोकेको केन्द्रीय आयोजना/परियोजनाको प्रमुख - २ जना | सदस्य |
| (ट) | अध्यक्ष, एग्रोनोमी सोसाईटी अफ नेपाल | सदस्य |
| (ठ) | प्रतिनिधि, समितिले तोकेको धान बालीसँग सम्बन्धित रहेर काम गर्ने अन्तराष्ट्रिय गैर सरकारी संस्थाको प्रतिनिधी - २ जना | सदस्य |
| (ड) | प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार अन्य विज्ञ सदस्य र अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले बैठकको लागि सदस्यहरुलाई आह्वान गर्नुपर्नेछ।

(४) मूल समारोह समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ-

(क) हरेक वर्ष राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवलाई प्रभावकारी रुपमा सञ्चालनको व्यवस्था गर्न आवश्यकता अनुसार प्राविधिक उपसमितिहरू गठन गर्ने।

(ख) प्राविधिक उपसमितिले राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवको नारा निर्क्यौल गरी मूल समारोह समितिमा सिफारिस गर्ने।

(ग) हरेक वर्ष राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवको मूल नारा तय गर्ने।

(घ) राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवलाई भव्यताका साथ सम्पन्न गर्न मन्त्रालयसँग आवश्यक समन्वय गर्ने।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(ङ) विभाग अन्तर्गतको बाली विकास तथा कृषि जैविक विवधता संरक्षण केन्द्रलाई समारोहको आवश्यक व्यवस्थापनका लागि निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने।

(च) समारोहको सन्दर्भमा आवश्यक सामग्रीहरु तयारी तथा प्रचार प्रसार गर्ने।

(छ) दिवसको सन्दर्भमा सन्देश प्रवाहलाई समन्वय गर्ने।

६०. <u>सङ्घीय स्तरमा सञ्चालन हुने क्रियाकलापहरू</u>: राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सवको सन्दर्भमा राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव मूल समारोह समितिले निर्धारण गरेका अतिरिक्त सङ्घीय स्तरमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ-

(क) सम्माननिय प्रधानमन्त्री, माननीय मन्त्री, मन्त्रालयका सचिव तथा कृषि विभागका महानिर्देशकज्यूबाट आम जनसमुदायलाई लक्षित गरी राष्ट्रियस्तरका सञ्चार माध्यमहरूबाट राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवका दिन सन्देश प्रवाह गर्ने।

(ख) महोत्सव कार्यक्रमको लागि पत्रकार सम्मेलन गरी प्रेस नोट जारी गर्ने उक्त प्रेस नोटको सन्देश विभिन्न सञ्चार माध्यमबाट प्रवाह गर्न सहजीकरण गर्ने।

(ग) विभिन्न राष्ट्रिय सञ्चार माध्यमहरूमा धान क्षेत्रको विज्ञसँग परिसम्वाद कार्यक्रम प्रसारण गर्ने।

(घ) विभिन्न कार्यक्रम आयोजना गरी असार १५ गतेका दिन देशव्यापी रूपमा राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव भव्यताका साथ मनाउने।

६१. <u>प्रदेशस्तरमा कार्यक्रम व्यवस्थापनको लागि समिति गठन गर्न सकिने</u>: प्रदेशस्तरीय धान दिवस तथा रोपाई महोत्सव कार्यक्रम सञ्चालनलाई समन्वय गर्न सम्बन्धित प्रदेशले आवश्यकता अनुसारको सदस्य रहने गरी प्रदेशस्तर राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव कार्यक्रम समन्वय समिति गठन गर्न सकिनेछ।

६२. <u>प्रदेशस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु</u>: प्रदेशस्तरमा राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवका सन्दर्भमा देहायका क्रियाकलापका अतिरिक्त दफा-६१ बमोजिमको समितिले निर्धारण गरे बमोजिमका अन्य क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) विभिन्न प्रदेशस्तरीय वा जिल्लास्तरीय सञ्चार माध्यमहरू मार्फत धान क्षेत्र र राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवको बारेमा प्रचार प्रसार गर्ने।

(ख) प्रदेश तथा जिल्लास्तरमा उपलब्ध विज्ञसँग परिसम्वाद कार्यक्रम प्रसारण गर्ने।

(ग) परम्परागत तरिका वा मेशिनबाट धान रोपी धान दिवस मनाउने।

(घ) असार १५ को दिन धान रोपाईं उत्सव मनाई दही चिउरा खाने।

(ङ) विभिन्न जातका धानका बीउहरू तथा धान बालीमा प्रयोग हुने प्रविधि तथा मेशीनरीहरूको प्रदर्शन गर्ने लगायतका अन्य कार्यक्रम सञ्चालन गर्ने।

६३. <u>स्थानीयस्तरमा कार्यक्रमको लागि समिति गठन गर्न सकिने</u>: स्थानीयस्तरमा धान दिवस तथा रोपाईं महोत्सव कार्यक्रम सञ्चालनलाई समन्वय गर्न सम्बन्धित स्थानीय तहले आवश्यकता अनुसारको

सदस्य रहने गरी स्थानीयस्तर राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव कार्यक्रम समन्वय समिति गठन गर्न सकिनेछ।

६४. <u>स्थानीयस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु:</u> स्थानीय स्तरमा राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवका सन्दर्भमा देहायका क्रियाकलापका अतिरिक्त दफा-६३ बमोजिमको समितिले निर्धारण गरे बमोजिमका अन्य क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ:-

(क) स्थानीय सञ्चार माध्यमहरू मार्फत धान क्षेत्र र राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवको बारेमा प्रचार प्रसार गर्ने।

(ख) स्थानीयस्तरमा धानको महत्त्व र आवश्यकता बारेमा सरोकारवालाहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने।

(ग) परम्परागत तरिका वा मेशिनबाट धान रोपी धान दिवस मनाउने।

(घ) असार १५ को दिन धान रोपाईं उत्सव मनाई दही चिउरा खाने।

(ङ) विभिन्न जातका धानका बीउहरू तथा धान बालीमा प्रयोग हुने प्रविधि तथा मेशीनरीहरूको प्रदर्शन गर्ने।

(च) स्थानीय कृषक समूह, सहकारी तथा अन्य संस्थाहरूको समन्वयमा झाँकी, असारे गीत प्रतियोगिता तथा अन्य सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्ने।

## परिच्छेद- ८

## <u>विश्व खाद्य दिवस कार्यक्रम कार्यान्वयन विधि</u>

६५. <u>राष्ट्रिय विश्व खाद्य दिवस समितिको गठन:</u> (१) राष्ट्रिय स्तरमा विश्व खाद्य दिवस कार्यक्रम मनाउने सन्दर्भमा आवश्यक व्यवस्थापन गर्न कृषि विभागका महानिर्देशकको अध्यक्षतामा देहाय बमोजिमको राष्ट्रिय विश्व खाद्य दिवस समिति रहनेछ-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| (ख) | सह-सचिव, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| (ग) | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| (घ) | प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र | सदस्य |
| (ङ) | उप-महानिर्देशक, कृषि उत्पादकत्व महाशाखा, कृषि विभाग | सदस्य |
| (च) | उप-महानिर्देशक, योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा, कृषि विभाग | सदस्य |
| (छ) | उप-महानिर्देशक, योजना महाशाखा, पशु सेवा विभाग | सदस्य |
| (ज) | प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | सदस्य |
| (झ) | प्रमुख, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र | सदस्य |
| (ञ) | प्रमुख, राष्ट्रिय फलफुल विकास केन्द्र | सदस्य |
| (ट) | प्रमुख, राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| (ठ) | प्रतिनिधि, विश्व खाद्य तथा कृषि सङ्गठन, नेपाल | सदस्य |
| (ड) | प्रमुख, कृषि उद्यम केन्द्र, नेपाल उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| (ढ) | वरिष्ठ कृषि अर्थ विज्ञ, बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा, कृषि विभाग | सदस्य-सचिव |

२५

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) समितिले आवश्यकता अनुसार उपसमिति गठन गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी विशेषज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउन सक्नेछ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ:

(क) हरेक वर्ष विश्व खाद्य दिवसलाई प्रभावकारी रुपमा मनाउन एवं व्यवस्थापकीय कार्य गर्नका लागि आवश्यकता अनुसार प्राविधिक उपसमितिहरू गठन गर्ने।

(ख) प्राविधिक उपसमितिले गरेको सिफारिसको आधारमा विश्व खाद्य दिवसको राष्ट्रियस्तरको मूल नारा तय गर्ने।

(ग) दिवसलाई भव्यताका साथ सम्पन्न गर्न मन्त्रालयसँग आवश्यक समन्वय गर्ने।

(घ) दिवससम्बन्धी कार्यक्रम संचालनका लागि विभाग वा बजेट विनियोजन भएको केन्द्रलाई कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने।

(ङ) समारोहको सन्दर्भमा आवश्यक सामग्रीहरु तयारी तथा प्रचार प्रसार गर्ने।

(च) दिवसको सन्दर्भमा सन्देश प्रवाहका लागि समन्वय गर्ने।

६६. <u>राष्ट्रियस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु:</u> सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा राष्ट्रियस्तरमा देहाय बमोजिमका क्रियाकलापका अतिरिक्त दफा ६५ बमोजिमको समितिले निर्धारण गरे बमोजिमका अन्य कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ-

(क) संयुक्त राष्ट्रसङ्घ अन्तर्गतको विश्व खाद्य तथा कृषि सङ्गठनबाट तय भएको नारा अनुसार राष्ट्रिय स्तरमा नारा तय गर्ने।

(ख) राष्ट्रिय पत्रिकामा सम्माननीय प्रधानमन्त्रीको शुभकामना सन्देश प्रकाशन गर्ने।

(ग) रेडियो नेपाल मार्फत माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीको शुभकामना सन्देश प्रसारण गर्ने।

(घ) खाद्य सुरक्षाको अवस्थाबारे विज्ञ एवम् विशिष्ट महानुभावबीच परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(ङ) भोकमरी र कुपोषण लगायत विश्व खाद्य तथा कृषि सङ्गठनबाट तय भएको नारा सहित सम्वद्ध सरोकारवालाहरुको सहभागितमा प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने।

(च) फ्लेक्स तथा ब्यानर, पोष्टर/पम्प्लेट र विश्व खाद्य दिवस/नारा अंकित टिसर्ट तथा टोपी लगायतका सामाग्री छपाई/प्रकाशन तथा वितरण गर्ने।

(छ) रैथाने खाद्य साँझ/मेला तथा जनचेतना मूलक कार्यक्रमहरु जस्तैः लोक गीत, सडक नाटक, आदि सञ्चालन गर्ने।

(ज) राष्ट्रिय स्तरमा लेखरचना, निबन्ध, चित्रकला लगायतका प्रतियोगिता सञ्चालन गर्ने।



डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(झ) दफा ६५ बमोजिमको समितिले निर्धारण गरेको मापदण्डको आधारमा मूल्याङ्कन र छनौट गरी सोही समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशि सहित खाद्य सुरक्षा तथा पोषण सम्बन्धी विभिन्न विधामा योगदान गर्ने व्यक्तिलाई पुरस्कृत गर्ने।

(ञ) कार्यपत्र प्रस्तुति, विशिष्ट व्यक्तिहरुको मन्तव्य तथा पुरस्कार वितरण सहितको मूल समारोह आयोजना गर्ने लगायत।

६७. <u>प्रदेशस्तरमा कार्यक्रम व्यवस्थापनको लागि समिति गठन गर्न सकिने</u>: प्रदेशस्तरमा विश्व खाद्य दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित प्रदेश स्थित कृषि हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिमको एक प्रदेशस्तर विश्व खाद्य दिवस कार्यक्रम समन्वय समिति रहनेछ।

६८. <u>प्रदेशस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु</u>: प्रदेशस्तर विश्व खाद्य दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त प्रदेशस्तरीय सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

(क) माननीय मुख्यमन्त्रीको शुभकामना सन्देश राष्ट्रिय पत्रिकामा प्रकाशन गर्ने।

(ख) माननीय कृषि मन्त्रीको रेडियो सन्देश प्रसारण गर्ने।

(ग) प्रदेशको समग्र खाद्य सुरक्षाको अवस्थाबारे टेलिभिजनमा सम्बन्धित विषय विज्ञ सम्मिलित परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(घ) विश्व खाद्य दिवसको लागि राष्ट्रियस्तरमा तय भएको नारा लेखिएका प्ले कार्ड तथा फ्लेक्स र ब्यानर सहित कृषक, व्यापारी, व्यवसायी, कृषि उद्यमी, कृषक समूह एवम् विद्यार्थी, पत्रकार तथा सञ्चारकर्मी तथा सम्बन्धित क्षेत्रका विशिष्ट महानुभावहरु समेतको सहभागितामा प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने।

(ङ) जनचेतना अभिवृद्धि गर्न प्राविधिक कार्यपत्र प्रस्तुति वा कार्यशाला आयोजना गर्ने।

(च) खाद्य उत्पादन तथा खाद्य पहुँच बढाउन सरकारी तथा गैरसरकारी क्षेत्रमा काम गर्ने निकायहरूबीच विविध कार्यक्रमका लागि सहकार्य तथा समन्वय गर्ने। साथै रैथाने बालीको उत्पादन तथा खाद्य परिकारको मेला/साँझ आयोजना गर्ने।

(छ) ब्यानर, पोष्टर, पम्प्लेट र विश्व खाद्य दिवस/नारा अंकित टिसर्ट तथा टोपी छपाई/प्रकाशन तथा वितरण गर्ने।

(ज) प्रदेशस्तरमा खाद्य सुरक्षामा टेवा पुऱ्याउने कृषकहरू तथा निकायहरूलाई दफा-६७ बमोजिमको समितिले निर्धारण गरेको मापदण्ड अनुसार छनौट गरि उक्त समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशि सहित पुरस्कृत गर्ने।

(झ) मुख्य समारोह आयोजना गरी विश्व खाद्य दिवसका विविध पक्षको बारेमा प्रवचन तथा पुरस्कार वितरण गर्ने।

(ञ) विश्व खाद्य दिवस कार्यक्रमको प्रतिवेदन कृषि विभागमा उपलब्ध गराउने।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

६९. **स्थानीयस्तरमा कार्यक्रम व्यवस्थापनका लागि समिति गठन गर्न सकिने:** स्थानीयस्तरमा विश्व खाद्य दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिमको एक स्थानीयस्तर विश्व खाद्य दिवस कार्यक्रम समन्वय समिति रहनेछ।

७०. **स्थानीयस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु:** स्थानीयस्तर विश्व खाद्य दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

(क) स्थानीय तहमा रहेका कक्षा १० मा पढ्ने विद्यार्थीहरूबीच सम्बन्धित बर्षमा निर्धारण गरिएको विश्व खाद्य दिवसको नारा शिर्षकमा निबन्ध प्रतियोगिता गराउनुको साथै कृषक, तथा अन्य बुद्धिजीवीहरुको सहभागितामा प्रवचन जस्ता कार्यक्रमहरू आयोजना गरी जनसमुदायमा सचेतना अभिवृद्धि गर्ने। निबन्ध प्रतियोगिताको पुरस्कार राशि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ख) खाद्य सुरक्षामा योगदान दिने कृषक समूह तथा सहकारीहरूको सहभागितामा चेतनामूलक ब्यानर, प्लेकार्ड सहितको झाँकीले नगर परिक्रमा गर्ने जस्ता कार्यक्रम आयोजना गरी खाद्य सुरक्षा सम्बन्धी जनचेतना फैलाउने।

(ग) स्थानीयस्तरमा खाद्य सुरक्षामा टेवा पुर्‍याउने कृषकहरू तथा निकायहरूलाई दफा-६९ बमोजिमको स्थानीयस्तर विश्व खाद्य दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेको मापदण्ड अनुसार छनौट गरी उक्त समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशि रहने गरी पुरस्कृत गर्ने।

(घ) उक्त दिवसको प्रतिवेदनको साथै आफ्नो जिल्ला खाद्यान्नमा आत्मनिर्भर भए/नभएको विवरण तथा खाद्य उत्पादन स्थितिको विस्तृत विवरण तयार गर्ने।

(ङ) विश्व खाद्य दिवस कार्यक्रमको राष्ट्रिय प्रतिवेदन गर्न स्थानीयस्तरमा सो दिवस मनाएको प्रतिवेदन कृषि विभागमा उपलब्ध गराउने।

## परिच्छेद- ९

## विश्व माटो दिवस कार्यक्रम कार्यान्वयन विधि

७१. **माटो दिवस मूल समारोह समितिको गठन:** (१) राष्ट्रिय स्तरमा विश्व माटो दिवस कार्यक्रम मनाउने सन्दर्भमा आवश्यक व्यवस्थापन गर्न कृषि विभागका महानिर्देशकको अध्यक्षतामा देहाय बमोजिमको माटो दिवस मूल समारोह समिति रहनेछ-

| | |
|---|---|
| (क) महानिर्देशक, कृषि विभाग | - अध्यक्ष |
| (ख) सह-सचिव, कृषि विकास महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - सदस्य |
| (ग) उप-महानिर्देशक, कृषि उत्पादकत्व महाशाखा, कृषि विभाग | - सदस्य |
| (घ) उप-महानिर्देशक, योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा, कृषि विभाग | - सदस्य |
| (ङ) निर्देशक, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद | - सदस्य |
| (च) प्रमुख, केन्द्रीय कृषि प्रयोगशाला | - सदस्य |

(छ) प्रतिनिधि, विश्व कृषि तथा खाद्य सङ्गठन, नेपाल - सदस्य

(ज) अध्यक्ष, नेपलिज सोसाईटी अफ सोयल साइन्स - सदस्य

(झ) माटो व्यवस्थापन क्षेत्रमा काम गर्ने निजी संस्था मध्येबाट अध्यक्षले तोकेको एक जना प्रतिनिधि - सदस्य

(ञ) वरिष्ठ माटो विज्ञ, माटो व्यवस्थापन शाखा, कृषि विभाग - सदस्य-सचिव

(२) समितिले कार्यक्रमलाई सहजिकरण गर्न आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ।

(३) सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी विशेषज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउन सक्नेछ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ:

(क) हरेक वर्ष विश्व माटो दिवसलाई प्रभावकारी रुपमा मनाउन एवं व्यवस्थापकीय कार्य गर्नका लागि आवश्यकता अनुसार प्राविधिक उपसमितिहरू गठन गर्ने।

(ख) प्राविधिक उपसमितिले गरेको सिफारिसको आधारमा विश्व माटो दिवसको राष्ट्रियस्तरको मूल नारा तय गर्ने।

(ग) दिवसलाई भव्यताका साथ सम्पन्न गर्न मन्त्रालयसँग आवश्यक समन्वय गर्ने।

(घ) दिवससम्बन्धी कार्यक्रम संचालनका लागि विभाग वा वजेट विनियोजन भएको केन्द्रलाई कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने।

(ङ) समारोहको सन्दर्भमा आवश्यक सामग्रीहरु तयारी तथा प्रचार प्रसार गर्ने।

(च) दिवसको सन्दर्भमा सन्देश प्रवाहका लागि समन्वय गर्ने।

७२. राष्ट्रियस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु: दफा ७१ बमोजिमको समितिले निर्धारण गरेका कार्यक्रमहरुको अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ:-

(क) विश्व माटो दिवसको राष्ट्रिय नारा तय गर्ने,

(ख) कृषि मन्त्री, कृषि सचिव र कृषि विभागका महानिर्देशकबाट आम जनसमुदायलाई लक्षित गरी राष्ट्रियस्तरका सञ्चार माध्यमहरूबाट विश्व माटो दिवसको मूल समारोहमा सन्देश प्रवाह गर्ने,

(ग) महोत्सव कार्यक्रमको लागि पत्रकार सम्मेलन गरी प्रेस नोट तयार गरी उक्त प्रेस नोटको सन्देश विभिन्न सञ्चार माध्यमबाट प्रवाह गर्न सहजीकरण गर्ने,

(घ) विभिन्न राष्ट्रिय सञ्चार माध्यमहरूमा राष्ट्रियस्तरको मिडिया मार्फत माटो विज्ञहरूसँग टेलिभिजन टक सो कार्यक्रम प्रसारण गर्ने,

(ङ) माटो सम्बन्धी विविध विषय समेटिने गरी विद्यालयस्तरीय प्रतियोगिता सञ्चालन गर्ने,

(च) सरोकारवालाहरू बीच समन्वय गरी विभिन्न स्थानहरूमा माटो परीक्षण शिविर सञ्चालन गर्ने,

(छ) आम जनमानसमा जनचेतना जगाउन प्रभातफेरी कार्यक्रमको आयोजना गर्ने र यसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग र मातहतका निकायहरू, नेपाल कृषि अनुसन्धान परिषद, खाद्य तथा कृषि सङ्गठन र अन्य सरोकारवाला निकायहरूबाट समेत उल्लेखनीय रूपमा सहभागी गराउने,

(ज) मूल समारोहमा माटोसँग सम्बन्धित कार्यपत्रहरू प्रस्तुत गर्ने र राष्ट्रियस्तरको कुनै प्रतियोगिता आयोजना गरी उत्कृष्ट प्रतियोगीहरूलाई दफा-७१ बमोजिमको समितिले निर्धारण गरे बमोजिमको पुरस्कार तथा प्रमाणपत्रबाट सम्मानित गर्ने,

(झ) प्रदेश र स्थानीय तहहरूमा पनि विभिन्न कार्यक्रम सञ्चालन गरी सक्रियताका साथ विश्व माटो दिवस मनाउन आग्रह गर्दै प्रसार-प्रचारका सामग्री सहित कृषि विभागबाट पत्राचार गर्ने लगायतका अन्य क्रियाकलाप सञ्चालन गर्ने।

७३. <u>प्रदेशस्तरमा कार्यक्रम व्यवस्थापनका लागि समिति गठन गर्न सकिने:</u> प्रदेशस्तरमा विश्व माटो दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित प्रदेश स्थित कृषि हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिमको एक प्रदेशस्तर विश्व माटो दिवस कार्यक्रम समन्वय समिति रहनेछ।

७४. <u>प्रदेशस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु:</u> प्रदेशस्तर विश्व माटो दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त प्रदेशस्तरीय सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

(क) माननीय मुख्यमन्त्रीको शुभकामना सन्देश राष्ट्रिय पत्रिकामा प्रकाशन गर्ने।

(ख) माननीय कृषि मन्त्रीको रेडियो सन्देश प्रसारण गर्ने।

(ग) प्रदेशको माटो सम्बन्धी विविध विषय समेटिने गरी टेलिभिजनमा सम्बन्धित विषय विज्ञ सम्मिलित परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(घ) विश्व माटो दिवसको लागि राष्ट्रियस्तरमा तय भएको नारा लेखिएका प्ले कार्ड तथा फ्लेक्स र ब्यानरसहित कृषक, व्यापारी, व्यवसायी, कृषि उद्यमी, कृषक समूह एवम् विद्यार्थी, पत्रकार तथा सञ्चारकर्मी एव्म सम्बन्धित क्षेत्रका विशिष्ट महानुभावहरु सम्मिलित प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने।

(ङ) जनचेतना अभिवृद्धि गर्न प्राविधिक कार्यपत्र प्रस्तुति वा कार्यशाला आयोजना गर्ने।

(च) ब्यानर, पोष्टर पम्प्लेट र विश्व माटो दिवस/नारा अंकित टिसर्ट तथा टोपी छपाई/प्रकाशन तथा वितरण गर्ने।

(छ) प्रदेशस्तरमा माटो व्यवस्थापनका क्षेत्रमा टेवा पुर्‍याउने कृषकहरू तथा निकायहरूलाई दफा-७३ बमोजिमको समितिले निर्धारण गरेको मापदण्ड अनुसार छनौट गरि सो समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशि हुनेगरी पुरस्कृत गर्ने।

(ज) राष्ट्रिय स्तरमा विश्व माटो दिवस कार्यक्रमको प्रतिवेदन प्रकाशनको लागि कृषि विभागमा विवरण उपलब्ध गराउने।

७५. <u>स्थानीयस्तरमा कार्यक्रम व्यवस्थापनका लागि समिति गठन गर्न सकिने</u>: स्थानीयस्तरमा विश्व माटो दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिमको एक स्थानीयस्तर विश्व माटो दिवस कार्यक्रम समन्वय समिति रहनेछ।

७६. <u>स्थानीयस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु:</u> स्थानीयस्तर विश्व माटो दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

(क) स्थानीय तहमा रहेका विद्यालयका विद्यार्थीहरूबीच माटो दिवसका सन्दर्भमा तय भएको राष्ट्रिय नाराको शिर्षकमा निबन्ध/चित्रकला प्रतियोगिता गराउनुको साथै कृषक, तथा अन्य बुद्धिजीवीहरुबाट प्रवचन जस्ता कार्यक्रमहरू आयोजना गरी जनचेतना अभिवृद्धि गर्ने। निबन्ध प्रतियोगिताको पुरस्कार राशि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ख) माटो व्यवस्थापनमा योगदान दिने कृषक समूह तथा सहकारीहरूको सहभागितामा चेतनामूलक ब्यानर, प्लेकार्ड सहितको झाँकीले नगर परिक्रमा गर्ने जस्ता कार्यक्रम आयोजना गरी माटो दिवस र माटोको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी जनचेतना फैलाउने।

(ग) स्थानीयस्तरमा माटोको संरक्षण, सम्बर्द्धन र व्यवस्थापनमा टेवा पुऱ्याउने कृषकहरू तथा निकायहरूलाई दफा ७५ बमोजिमको स्थानीयस्तर विश्व माटो दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरे बमोजिमको मापदण्ड अनुसार छनौट गरी सो समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशि रहने गरी पुरस्कृत गर्ने।

(घ) विश्व माटो दिवस कार्यक्रमको विवरण राष्ट्रिय प्रतिवेदन तयारीका लागि कृषि विभागमा उपलब्ध गराउने।

## परिच्छेद- १०

## <u>राष्ट्रिय कृषि जैविक विविधता दिवस कार्यक्रम कार्यान्वयन विधि</u>

७७. <u>राष्ट्रिय कृषि जैविक विविधता दिवस मूल समारोह समितिको गठन:</u> (१) सङ्घीय स्तरमा कृषि जैविक विविधता दिवस कार्यक्रम मनाउने सन्दर्भमा आवश्यक व्यवस्थापन गर्न कृषि विभागका महानिर्देशकको अध्यक्षतामा देहाय बमोजिमको राष्ट्रिय कृषि जैविक विविधता दिवस मूल समारोह समिति रहनेछ-

(क) महानिर्देशक, कृषि विभाग - अध्यक्ष

(ख) सह-सचिव, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(ग) महानिर्देशक, पशुसेवा विभाग - सदस्य

(घ) प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र - सदस्य

(ङ) प्रमुख, बीउविजन गुणस्तर नियन्त्रण केन्द्र - सदस्य

(च) उप-महानिर्देशक, कृषि उत्पादकत्व महाशाखा, कृषि विभाग - सदस्य

(छ) उप-महानिर्देशक, योजना अनुगमन तथा व्यवस्थापन महाशाखा, कृषि विभाग - सदस्य

(ज) प्रमुख, राष्ट्रिय कृषि आनुवांशिक श्रोत केन्द्र (जीन बैंक), नेपाल कृषि अनुसन्धान परिषद - सदस्य

(झ) प्रमुख, राष्ट्रिय पशु प्रजनन तथा आनुवांशिक अनुसन्धान केन्द्र - सदस्य

(ञ) प्रतिनिधि, विश्व खाद्य तथा कृषि सङ्गठन, नेपाल - सदस्य

(ट) कार्यकारी निर्देशक, ली-वर्ड - सदस्य

(ठ) अध्यक्ष, सामुदायिक बीउ बैङ्क सङ्घ नेपाल - सदस्य

(ड) जैविक विविधता क्षेत्रमा काम गर्ने निजी संस्थाबाट एक जना प्रतिनिधि - सदस्य

(ढ) प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र - सदस्य-सचिव

(२) समितिले कार्यक्रमलाई व्यवस्थापन गर्न आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ।

(३) सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी विशेषज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक आवश्यकताअनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः-

(क) हरेक वर्ष राष्ट्रिय कृषि जैविक विविधता दिवस कार्यक्रमलाई प्रभावकारी रुपमा मनाउन एवं व्यवस्थापकीय कार्य गर्नका लागि आवश्यकता अनुसार प्राविधिक उपसमितिहरू गठन गर्ने।

(ख) प्राविधिक उपसमितिले गरेको सिफारिसको आधारमा राष्ट्रिय कृषि जैविक विविधता दिवसको राष्ट्रियस्तरको मूल नारा तय गर्ने।

(ग) दिवसलाई भव्यताका साथ सम्पन्न गर्न मन्त्रालयसँग आवश्यक समन्वय गर्ने।

(घ) कार्यक्रम संचालनका लागि विभाग वा बजेट विनियोजन भएको केन्द्रलाई कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने।

(ङ) समारोहको सन्दर्भमा आवश्यक सामग्रीहरु तयारी तथा प्रचार प्रसार गर्ने।

(च) दिवसको सन्दर्भमा सन्देश प्रवाहका लागि समन्वय गर्ने।

७८. <u>राष्ट्रियस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरुः</u> दफा-७७ बमोजिमको समितिले निर्धारण गरेका कार्यक्रमका अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछः-

(क) राष्ट्रियस्तरका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

(ख) केन्द्रीयस्तरको कृषि जैविक विविधता सम्बन्धी तालिम तथा गोष्ठी सञ्चालन गर्ने।

(ग) नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका अनुसन्धान केन्द्र तथा कृषि विभाग अन्तर्गतमा फार्म केन्द्र र कृषि विषयका अध्ययन संस्थानहरूमा बाली, घाँसे बाली, पशुपन्छी, कीरा, सुक्ष्म जीवाणु र जलीय कृषि आनुवांशिक स्रोतहरूको संरक्षण र उपयोगमा ल्याउन सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्ने।

(घ) खाद्य मेला एवम् रैथाने खानाको प्रचार प्रसार तथा होमस्टे मार्फत रैथाने परिकार विविधीकरण एव्म बजारीकरणमा सहयोग गर्ने।

(ङ) रैथाने बाली/जात संरक्षण एवम् उपयोगमा क्रियाशील संस्था एवम् निकायहरूसँग साझेदारी एव्म सहकार्य गर्ने।

(च) कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न व्यक्तिलाई नागरिक अभिनन्दन/सम्मान/पुरस्कारको व्यवस्था गर्ने।

(छ) कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न संस्था/समूह/समितिलाई सम्मान/पुरस्कारको व्यवस्था गर्ने ।

(ज) पुरस्कृत हुने व्यक्ति, संस्था, समूह, समिति छनौटको मापदण्ड तथा पुरस्कारको रकम दफा ७७ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

७९. <u>प्रदेशस्तरमा कार्यक्रम व्यवस्थापनका लागि समिति गठन गर्न सकिने</u>: प्रदेशस्तरमा राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित प्रदेश स्थित कृषि हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिमको एक प्रदेशस्तर कृषि जैविक विविधता दिवस कार्यक्रम समन्वय समिति रहनेछ।

८०. <u>प्रदेशस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु</u>: प्रदेशस्तर कृषि जैविक विविधता दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त प्रदेशस्तरीय सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) प्रदेश/जिल्लास्तरका सञ्चार माध्यमबाट अन्तरक्रिया/सम्बाद कार्यक्रम सञ्चालन गर्ने,

(ख) सामुदायिक बीउ बैंक तथा कृषकहरूको सहभागितामा जैविक विविधता मेला आयोजना गर्ने,

(ग) कृषि जैविक विविधता सम्बन्धी सामग्री प्रकाशन र वितरण गर्ने,

(घ) प्रदेश/जिल्लास्तरमा उपलब्ध कृषि जैविक विविधताको सूची तयार गर्ने,

(ङ) कृषि जैविक स्रोतहरू संरक्षणका लागि कृषि वृक्षारोपण गर्ने,

(च) कृषि जैविक विविधता प्रवर्द्धनात्मक कार्यहरू, प्रोत्साहन मूलक कार्यहरू, प्रकाशन तथा अभिलेखीकरणका कार्यहरू गर्ने,

(छ) गोष्ठी सम्वाद आदिका माध्यमबाट क्षमता विकास तथा प्रचार प्रसार गर्ने,

(ज) प्राकृतिक जलाशयहरूमा स्थानीय जातका माछाहरूको उपलब्धता तथा पहिचानका लागि मत्स्य जैविक विविधता अध्ययन गर्ने,

३३

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(झ) रैथाने बाली/जात संरक्षण एवम् उपयोगमा क्रियाशील संस्था एवम् निकायहरूसँग साझेदारी एवम् सहकार्य गर्ने,

(ञ) कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न व्यक्तिलाई नागरिक अभिनन्दन/सम्मान/पुरस्कारको व्यवस्था गर्ने,

(ट) कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न संस्था/समूह/समितिलाई सम्मान/पुरस्कारको व्यवस्था गर्ने,

(ठ) पुरस्कृत हुने व्यक्ति, संस्था, समूह र समितिको छनौटको मापदण्ड र पुरस्कारको राशि दफा ७९ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

८१. <u>स्थानीयस्तरमा कार्यक्रम व्यवस्थापनका लागि समिति गठन गर्न सकिने</u>: स्थानीयस्तरमा राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिमको एक स्थानीयस्तर कृषि जैविक विविधता दिवस कार्यक्रम समन्वय समिति रहनेछ।

८२. <u>स्थानीयस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु</u>: दफा ८१ बमोजिमको स्थानीयस्तर कृषि जैविक विवधता दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

(क) स्थानीय सञ्चार माध्यमहरूबाट प्रचार प्रसारका कार्यक्रम सञ्चालन गर्ने ।

(ख) स्थानीय कृषि जैविक विविधता मेला आयोजना गर्ने।

(ग) रैथाने बाली एवम् जातका बीउ तथा रैथाने एवम् परम्परागत प्रविधि र सामग्री संकलन तथा प्रदर्शन गर्ने ।

(घ) रैथाने पशुपन्छी (अछामी; नौमुठे, खैला तथा लुलु गाईहरू, लिमे तथा तथा पारकोटे भैंसीहरू; खरी तथा सिन्हाल बाखाहरू; लामपुच्छ्रे, कागे, बरुवाल तथा म्याङ्लुङ्ग भेडाहरू; च्वाँचे, बामपुड्के तथा हुर्रा सुँगुरहरू; घाँटी खुइले, प्वाँख उल्टे तथा साकिनी कुखुराहरू र जुम्ली घोडा लगायतको संरक्षण तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्ने।)

(ङ) स्थानीय तहबाट गाई, भैंसी, भेडा, बाखा, बंगुर, कुखुराका रैथाने जातहरू संरक्षण तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्ने।

(च) लोपोन्मुख घाँसेबालीहरूको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

(छ) सहर, असला, कत्ले, रेवा इत्यादी जस्ता लोपोन्मुख मत्स्य प्रजातिहरूको संरक्षण तथा प्रवर्द्धन गर्ने।

(ज) प्राकृतिक जलाशयहरूमा उपलब्ध स्थानीय माछा लगायत विभिन्न जलीय जीवहरूको संग्राहलयमा संरक्षण गर्ने ।

(झ) कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न व्यक्ति/संस्था/समूह/समितिलाई सम्मान/पुरस्कारको व्यवस्था गर्ने,



डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(ञ) पुरस्कृत हुने व्यक्ति, संस्था, समूह र समितिको छनौटको मापदण्ड र पुरस्कारको राशि दफा-८१ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद- ११

## विश्व मौरी दिवस कार्यक्रम कार्यान्वयन विधि

८३. राष्ट्रिय विश्व मौरी दिवस मूल समारोह समितिको गठनः राष्ट्रियस्तरमा विश्व मौरी दिवस मनाउने सम्दर्भमा आवश्यक व्यवस्थापन गर्न कृषि विभागका महानिर्देशकको अध्यक्षतामा देहाय बमोजिमको राष्ट्रिय विश्व मौरी दिवस मूल समारोह समिति नेपाल रहनेछः

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| (ख) | सह-सचिव, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र | सदस्य |
| (घ) | उप-महानिर्देशक, कृषि उत्पादकत्व महाशाखा, कृषि विभाग | सदस्य |
| (ङ) | प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | सदस्य |
| (च) | प्रमुख, मौरी विकास केन्द्र, गोदावरी | सदस्य |
| (छ) | वैज्ञानिक प्रतिनिधी, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| (ज) | प्रतिनिधि, लीबर्ड, नेपाल | सदस्य |
| (झ) | प्रतिनिधि, ईसिमोड नेपाल | सदस्य |
| (ञ) | प्रतिनिधि, विश्व कृषि तथा खाद्य सङ्गठन नेपाल | सदस्य |
| (ट) | प्रतिनिधि, नेपाल मौरीपालन केन्द्रिय सहकारी संघ लिमिटेड, चितवन | सदस्य |
| (ढ) | प्रतिनिधि, नेपाल मौरीपालक महासंघ, चितवन | सदस्य |
| (ण) | प्रमुख, व्यावसायिक कीट विकास केन्द्र, कृषि विभाग | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार उपसमितिहरु गठन गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी विशेषज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउन सक्नेछ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः

(क) हरेक वर्ष विश्व मौरी दिवस कार्यक्रमलाई प्रभावकारी रुपमा मनाउन एवं व्यवस्थापकीय कार्य गर्नका लागि आवश्यकता अनुसार प्राविधिक उपसमितिहरू गठन गर्ने।

(ख) प्राविधिक उपसमितिले गरेको सिफारिसको आधारमा विश्व मौरी दिवसको राष्ट्रियस्तरको मूल नारा तय गर्ने।

(ग) दिवसलाई भव्यताका साथ सम्पन्न गर्न मन्त्रालयसँग आवश्यक समन्वय गर्ने।

(घ) दिवससम्बन्धी कार्यक्रम संचालनका लागि विभाग वा बजेट विनियोजन भएको केन्द्रलाई कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने।

(ङ) समारोहको सन्दर्भमा आवश्यक सामग्रीहरु तयारी तथा प्रचार प्रसार गर्ने।

(च) दिवसको सन्दर्भमा सन्देश प्रवाहका लागि समन्वय गर्ने।

८४. राष्ट्रियस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरुः सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा राष्ट्रियस्तरमा देहाय बमोजिमका क्रियाकलापका अतिरिक्त दफा ८३ बमोजिमको समितिले निर्धारण गरे बमोजिमका अन्य कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ-

(क) संयुक्त राष्ट्रसंघ अन्तर्गतको विश्व खाद्य तथा कृषि सङ्गठनबाट तय भएको नारा अनुसार राष्ट्रिय स्तरमा नारा तय गर्ने।

(ख) राष्ट्रिय पत्रिकामा सम्माननीय प्रधानमन्त्रीको शुभकामना सन्देश प्रकाशन गर्ने।

(ग) रेडियो नेपाल मार्फत माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीको शुभकामना सन्देश प्रसारण गर्ने।

(घ) मौरीको महत्व बारेमा विज्ञ एवम् विशिष्ट महानुभावहरु बीच परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(ङ) परागसेचन, पर्यावरण सन्तुलन, कृषि जैविक विविधता संरक्षण, जीविकोपार्जन तथा आयआर्जन र खाद्य तथा पोषण सुरक्षामा मौरीको भूमिका सम्बन्धी स्लोगन लगायत विश्व खाद्य तथा कृषि सङ्गठनबाट तय भएको नारा सहित सम्वद्ध सरोकारवालाहरुको सहभागितमा प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने।

(च) फ्लेक्स तथा ब्यानर, पोष्टर/पम्प्लेट र राष्ट्रिय विश्व मौरी दिवस नारा अंकित टिसर्ट तथा टोपी लगायतका सामाग्री छपाई/प्रकाशन तथा वितरण गर्ने।

(छ) मौरी तथा मौरी जन्य उपज मेला तथा जनचेतना मूलक कार्यक्रमहरु जस्तैः लोक गीत, सडक नाटक, कविता वाचन आदी सञ्चालन गर्ने।

(ज) राष्ट्रिय स्तरमा लेखरचना, निबन्ध, चित्रकला लगायतका प्रतियोगिता सञ्चालन गर्ने।

(झ) मौरी खर्क तथा मौरीजन्य उपजहरुको मूल्य श्रृङ्खलामा उत्कृष्ट योगदान गर्ने कम्पनी/कृषक उद्यमी/कृषक समुह/सहकारी/संघ/ संस्था आदिलाई देश भरिबाट दफा ८३ बमोजिमको समितिले निर्धारण गरेको मापदण्डको आधारमा मूल्याङ्कन गरी तोकिए बमोजिमको पुरस्कार राशिबाट पुरस्कृत गर्ने।

(ञ) कार्यपत्र प्रस्तुति, विशिष्ट व्यक्तिहरुको मन्तव्य तथा पुरस्कार वितरण सहितको मूल समारोह आयोजना गर्ने।

८५. प्रदेशस्तरमा कार्यक्रम व्यवस्थापनको लागि समिति गठन गर्न सकिनेः प्रदेशस्तरमा राष्ट्रिय विश्व मौरी दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित प्रदेश स्थित कृषि हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिमको एक प्रदेशस्तर राष्ट्रिय विश्व मौरी दिवस कार्यक्रम समन्वय समिति रहनेछ।



डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

८६. <u>प्रदेशस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु:</u> दफा ८५ बमोजिमको प्रदेशस्तर राष्ट्रिय विश्व मौरी दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त प्रदेशस्तरीय सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

(क) माननीय मुख्यमन्त्रीको शुभकामना सन्देश राष्ट्रिय पत्रिकामा प्रकाशन गर्ने।

(ख) माननीय कृषि मन्त्रीको रेडियो सन्देश प्रसारण गर्ने।

(ग) प्रदेशको समग्र मौरीपालन तथा मौरीजन्य उपजहरुको मूल्यश्रृङ्खला अवस्थाबारे टेलिभिजनमा सम्बन्धित विषय विज्ञ सम्मिलित परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(घ) राष्ट्रिय विश्व मौरी दिवसका लागि राष्ट्रियस्तरमा तय भएको नारा लेखिएका प्ले कार्ड तथा फ्लेक्स र ब्यानरसहित कृषक, व्यापारी, व्यवसायी संघ/संस्था, कृषि उद्यमी, कृषक समूह/सहकारी एवम् विद्यार्थी, पत्रकार, सञ्चारकर्मी तथा सम्बन्धित क्षेत्रका विशिष्ट महानुभावहरु समेतको सहभागितामा प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने।

(ङ) जनचेतना अभिवृद्धि गर्न प्राविधिक कार्यपत्र प्रस्तुति वा कार्यशाला आयोजना गर्ने।

(च) मौरीजन्य उपजहरु उत्पादन तथा पहुँच बढाउन सरकारी तथा गैरसरकारी क्षेत्रमा काम गर्ने निकायहरू बीच विविध कार्यक्रमका लागि सहकार्य तथा समन्वय गर्ने।

(छ) ब्यानर, पोष्टर, पम्प्लेट र राष्ट्रिय विश्व मौरी दिवसका नारा अंकित टिसर्ट तथा टोपी छपाई/प्रकाशन तथा वितरण गर्ने।

(ज) प्रदेशस्तरमा मौरीपालन व्यवसाय र मौरीजन्य उपजहरुको मूल्य श्रृङ्खलामा लाग्ने कृषकहरू तथा निकायहरूलाई दफा ८५ बमोजिमको समितिले निर्धारण गरेको मापदण्ड बमोजिम छनौट र सम्मान गरी तोकिए बमोजिमको राशिले पुरस्कृत गर्ने।

(झ) मुल समारोह आयोजना गरी राष्ट्रिय विश्व मौरी दिवसका विविध पक्षको बारेमा प्रवचन तथा पुरस्कार वितरण गर्ने।

(ञ) राष्ट्रिय विश्व मौरी दिवस कार्यक्रमको प्रतिवेदन कृषि विभागमा उपलब्ध गराउने।

८७. <u>स्थानीयस्तरमा कार्यक्रम व्यवस्थापनका लागि समिति गठन गर्न सकिने:</u> स्थानीयस्तरमा राष्ट्रिय विश्व मौरी दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिमको एक स्थानीयस्तर राष्ट्रिय विश्व मौरी दिवस कार्यक्रम समन्वय समिति रहनेछ।

८८. <u>स्थानीयस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु:</u> दफा ८७ बमोजिमको स्थानीयस्तर विश्व मौरी दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

३७

(क) स्थानीय तहमा रहेका माध्यामिक तथा उच्च माध्यामिक तहमा पढ्ने विद्यार्थीहरूबीच सम्बन्धित बर्षमा निर्धारण गरिएको विश्व मौरी दिवसको नारा शिर्षकमा निबन्ध वा कविता प्रतियोगिता गराई समितिले निर्धारण गरे बमोजिम मापदण्ड अनुसार छनौट भएका उत्कृष्ट प्रतियोगीहरुलाई पुरस्कृत गर्ने। निबन्ध वा कविता प्रतियोगिताको पुरस्कार राशि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ख) कृषक तथा बुद्धिजीवीहरूको सहभागितामा प्रवचन जस्ता कार्यक्रमहरू आयोजना गरी जनसाधारणमा सचेतना अभिवृद्धी गर्ने।

(ग) मौरी प्रवर्द्धनमा योगदान दिने कम्पनी, कृषक संघ, संस्था, उद्यमी, कृषक समूह तथा सहकारीहरूको सहभागितामा चेतनामूलक व्यानर, प्लेकार्ड सहितको झाँकीले नगर परिक्रमा गर्ने जस्ता कार्यक्रम आयोजना गरी मौरी प्रवर्द्धन सम्बन्धी जनचेतना फैलाउने।

(घ) मौरी प्रवर्द्धनमा टेवा पुऱ्याउने कृषकहरू तथा निकायहरूलाई दफा-८७ बमोजिमको स्थानीयस्तर राष्ट्रिय विश्व मौरी दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरे बमोजिमको मापदण्ड अनुसार छनौट गरी उक्त समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशी पुरस्कृत गर्ने।

(ङ) उक्त दिवसको प्रतिवेदनको साथै आफ्नो क्षेत्रभित्रको मौरीपालन तथा व्यवसायको स्थितिको विस्तृत विवरण तयार गरि अद्यावधिक गर्ने र कृषि विभागलाई पनि उपलब्ध गराउने।

## परिच्छेद- १२

## राष्ट्रिय विषादी प्रयोगमुक्त सप्ताह दिवस कार्यक्रम कार्यान्वयन विधि

८९. विषादी प्रयोग मुक्त सप्ताह कार्यक्रम समन्वय समितिको गठनः (१) विषादी प्रयोग मुक्त सप्ताह दिवस मनाउने सन्दर्भमा आवश्यक व्यवस्थापन गर्न कृषि विभागका महानिर्देशकज्यूको अध्यक्षतामा देहाय बमोजिमको विषादी प्रयोगमुक्त सप्ताह कार्यक्रम समन्वय समिति रहनेछ-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| (ख) | सह-सचिव, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र | सदस्य |
| (घ) | प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र | सदस्य |
| (ङ) | उप-महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| (च) | उप-महानिर्देशक, प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग | सदस्य |
| (छ) | प्रमुख, केन्द्रीय कृषि प्रयोगशाला | सदस्य |
| (ज) | वैज्ञानिक प्रतिनिधी, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| (झ) | प्रतिनिधि, विश्व कृषि तथा खाद्य सङ्गठन नेपाल | सदस्य |
| (ञ) | प्रतिनिधि, पेष्टिसाइड एसोसियसन नेपाल | सदस्य |
| (ट) | वरिष्ठ बाली संरक्षण अधिकृत, बाली संरक्षण शाखा, कृषि विभाग | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार उपसमितिहरु गठन गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी विशेषज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउन सक्नेछ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ:

(क) हरेक वर्ष विषादी प्रयोग मुक्त सप्ताह दिवस कार्यक्रमलाई प्रभावकारी रुपमा मनाउन एवं व्यवस्थापकीय कार्य गर्नका लागि आवश्यकता अनुसार प्राविधिक उपसमितिहरू गठन गर्ने।

(ख) प्राविधिक उपसमितिले गरेको सिफारिसको आधारमा विषादी प्रयोग मुक्त सप्ताह दिवसको राष्ट्रियस्तरको मूल नारा तय गर्ने।

(ग) दिवसलाई भव्यताका साथ सम्पन्न गर्न मन्त्रालयसँग आवश्यक समन्वय गर्ने।

(घ) कार्यक्रम संचालनका लागि विभाग वा बजेट विनियोजन भएको केन्द्रलाई कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने।

(ङ) समारोहको सन्दर्भमा आवश्यक सामग्रीहरु तयारी तथा प्रचार प्रसार गर्ने।

(च) दिवसको सन्दर्भमा सन्देश प्रवाहका लागि समन्वय गर्ने।

९०. राष्ट्रियस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरुः सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा राष्ट्रियस्तरमा देहाय बमोजिमका क्रियाकलापका अतिरिक्त दफा ८९ बमोजिमको समितिले निर्धारण गरे बमोजिमका अन्य कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ-

(क) संयुक्त राष्ट्रसंघ अन्तर्गतको विश्व खाद्य तथा कृषि सङ्गठनबाट तय भएको नारा अनुसार राष्ट्रिय स्तरमा नारा तय गर्ने।

(ख) राष्ट्रिय पत्रिकामा सम्माननीय प्रधानमन्त्रीज्यूको शुभकामना सन्देश प्रकाशन गर्ने।

(ग) रेडियो नेपाल मार्फत माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको शुभकामना सन्देश प्रसारण गर्ने।

(घ) जीवनाशक विषादीको असुरक्षाको अवस्थाबारे विज्ञ एवम् विशिष्ट महानुभावहरु बीच परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(ङ) विषादीको नकरात्मक असरहरू लगायत विश्व खाद्य तथा कृषि सङ्गठनबाट तय भएको नारा सहित सम्वद्ध सरोकारवालाहरुको सहभागितमा प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने।

(च) फ्लेक्स तथा ब्यानर, पोष्टर/पम्प्लेट र विषादी प्रयोग मुक्त सप्ताहा/नारा अंकित टिसर्ट तथा टोपी लगायतका सामाग्री छपाई/प्रकाशन तथा वितरण गर्ने।

(छ) विषादी प्रयोगमुक्त मेला तथा जनचेतना मूलक कार्यक्रमहरु जस्तैः लोक गीत, सडक नाटक, आदी सञ्चालन गर्ने।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(ञ) राष्ट्रिय स्तरमा लेखरचना, निबन्ध, चित्रकला लगायतका प्रतियोगिता सञ्चालन गर्ने।

(झ) जैविक तथा प्राङ्गारिक खेती विधामा योगदान गर्नेहरुलाई देश भरिबाट दफा ८९ बमोजिमको समितिले निर्धारण गरेको मापदण्डको आधारमा मूल्याङ्कन गरी समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशि पुरस्कृत गर्ने।

(ञ) कार्यपत्र प्रस्तुति, विशिष्ट व्यक्तिहरुको मन्तव्य तथा पुरस्कार वितरण सहितको मूल समारोह आयोजना गर्ने।

९१. <u>प्रदेशस्तरमा कार्यक्रम व्यवस्थापनको लागि समिति गठन गर्न सकिने:</u> प्रदेशस्तरमा विषादी प्रयोग मुक्त सप्ताह दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित प्रदेशस्थित कृषि हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिमको एक प्रदेशस्तर विषादी प्रयोग मुक्त सप्ताह कार्यक्रम समन्वय समिति रहनेछ।

९२. <u>प्रदेशस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु:</u> दफा-९१ बमोजिमको प्रदेशस्तर विषादी प्रयोग मुक्त सप्ताह दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त प्रदेशस्तरीय सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

(क) माननीय मुख्यमन्त्रीको शुभकामना सन्देश राष्ट्रिय पत्रिकामा प्रकाशन गर्ने।

(ख) माननीय कृषि मन्त्रीको रेडियो सन्देश प्रसारण गर्ने।

(ग) प्रदेशको समग्र जीवनाशक विषादीको प्रयोग र असरको अवस्थाबारे टेलिभिजनमा सम्बन्धित विषय विज्ञ सम्मिलित परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(घ) विषादी प्रयोग मुक्त सप्ताहाको लागि राष्ट्रियस्तरमा तय भएको नारा लेखिएका प्ले कार्ड तथा फ्लेक्स र ब्यानरसहित कृषक, महिला, व्यापारी, व्यवसायी, कृषि उद्यमी, कृषक समूह एवम् विद्यार्थी, पत्रकार तथा सञ्चारकर्मी तथा सम्बन्धित क्षेत्रका विशिष्ट महानुभावहरु समेतको सहभागितामा प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने।

(ङ) जनचेतना अभिवृद्धि गर्न प्राविधिक कार्यपत्र प्रस्तुति वा कार्यशाला आयोजना गर्ने।

(च) विषादी रहित खाद्य उत्पादन तथा खाद्य पहुँच बढाउन सरकारी तथा गैरसरकारी क्षेत्रमा काम गर्ने निकायबीच विविध कार्यक्रमका लागि सहकार्य तथा समन्वय गर्ने। साथै प्राङ्गारिक तथा जैविक उत्पादनको खाद्य मेला/साँझ आयोजना गर्ने।

(छ) ब्यानर, पोष्टर, पम्प्लेट र विषादी प्रयोग मुक्त सप्ताह दिवस/नारा अंकित टिसर्ट तथा टोपी छपाई/प्रकाशन तथा वितरण गर्ने।

(ज) प्रदेशस्तरमा रासायनिक विषादीको न्यून प्रयोग तथा जैविक तथा घरेलु विषादीको उचित प्रयोग गर्ने कृषकहरू तथा निकायहरूलाई दफा-९१



डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

बमोजिमको समितिले निर्धारण गरे मापदण्ड बमोजिम छनौट गरि तोकिए बमोजिमको राशि हुनेगरी पुरस्कृत गर्ने।

(झ) मूख्य समारोह आयोजना गरी विषादी प्रयोग मुक्त सप्ताह दिवसका विविध पक्षको बारेमा प्रवचन तथा पुरस्कार वितरण गर्ने।

(ञ) विषादी प्रयोग मुक्त सप्ताह दिवस कार्यक्रमको प्रतिवेदन कृषि विभागमा उपलब्ध गराउने।

९३. <u>स्थानीयस्तरमा कार्यक्रम व्यवस्थापनका लागि समिति गठन गर्न सकिने</u>: स्थानीयस्तरमा विषादी प्रयोग मुक्त सप्ताह दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिमको एक स्थानीयस्तर विषादी प्रयोग मुक्त सप्ताह दिवस कार्यक्रम समन्वय समिति रहनेछ।

९४. <u>स्थानीयस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु</u>: दफा ९३ बमोजिमको स्थानीयस्तर विषादी प्रयोग मुक्त सप्ताह दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ-

(क) स्थानीय तहमा रहेका माध्यामिक तथा उच्च माध्यामिक तहमा पढ्ने विद्यार्थीहरुबीच सम्बन्धित बर्षमा निर्धारण गरिएको विषादी प्रयोग मुक्त सप्ताह दिवसको नारा शिर्षकमा निबन्ध प्रतियोगिता गराई समितिले निर्धारण गरेबमोजिम मापदण्ड अनुसार छनौट भएका उत्कृष्ट प्रतियोगीहरुलाई पुरस्कृत गर्ने। निबन्ध प्रतियोगिताको पुरस्कार राशि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ख) कृषक, महिला तथा बुद्धिजीवीहरूको सहभागितामा प्रवचन जस्ता कार्यक्रमहरू आयोजना गरी जनसाधारणमा सचेतना अभिवृद्धी गर्ने।

(ग) विषादी रहित उत्पादन प्रवर्द्धनका लागि कृषक समूह तथा सहकारीहरूको सहभागितामा चेतनामूलक व्यानर, प्लेकार्ड सहितको झाँकीले नगर परिक्रमा गर्ने जस्ता कार्यक्रम आयोजना गरी खाद्य स्वच्छता सम्बन्धी जनचेतना फैलाउने।

(घ) स्थानीयस्तरमा विषादी रहित खाद्य सुरक्षामा टेवा पुऱ्याउने कृषकहरू तथा निकायहरूलाई दफा-९३ बमोजिमको स्थानीयस्तर विषादी प्रयोग मुक्त सप्ताह दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरे बमोजिमको मापदण्ड अनुसार छनौट गरी उक्त समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशी पुरस्कृत गर्ने।

(ङ) उक्त दिवसको प्रतिवेदनको साथै आफ्नो जिल्लामा जीवनाशक विषादीको प्रयोग तथा असरको स्थितिको विस्तृत विवरण तयार गर्ने।

(च) विषादी प्रयोगमुक्त सप्ताह दिवस कार्यक्रमको विवरण राष्ट्रिय प्रतिवेदनको लागि कृषि विभागमा उपलब्ध गराउने।

## परिच्छेद - १३
## विविध

९५. दिवसको खर्च : पुरस्कार राशी बाहेकका दिवस/सप्ताह सञ्चालनसँग सम्बन्धित कियाकलापको अन्य खर्च विनियोजित बजेटको परिधिभित्र रही प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

९६. पुरस्कार रकम: (१) दिवस तथा सप्ताहमा उत्कृष्ट कृषक/उद्यमी/संस्थाहरु छनौट गरी पुरस्कार र प्रमाणपत्र प्रदान गर्न सकिनेछ। पुरस्कारको लागि विधा छनौट तथा पुरस्कार राशी स्वीकृत बजेटको अधिनमा रही सम्बन्धित समितिको निर्णयानुसार हुनेछ।

(२) पुरस्कृत व्यक्तिलाई पुरस्कार लिन आउँदा तथा जाँदा यातायात खर्च तथा दैनिक भत्ता रकम भ्रमण खर्च नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको द्वितीय तह सरह भुक्तानी गरिनेछ।

९७. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका विषयका सम्बन्धमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

९८. कार्यविधिको व्याख्या तथा बाधा अड्काउ फुकाउने: यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची -१
(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)
<u>सूचनाको ढाँचा</u>

..................कार्यक्रमको लागि प्रस्ताव मागको सूचनाको ढाँचा

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विवधता संरक्षण केन्द्र
श्रीमहल, ललितपुर
फोन नं.: ............................, इमेल: cdabc2018@gmail.com
Website: http://doacrop.gov.np

प्रकाशित मितिः..............................

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको चालु आ.व...................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ..........................................कार्यक्रम कार्यान्वयनका लागि कृषक, कृषक समूह/सहकारी, सामुदायिक बीउ बैंक वा अन्य संस्थालाई अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्नको लागि ईच्छुक सम्पूर्ण आवेदकहरुलाई दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची-२ बमोजिमको आवेदन र केन्द्रले तोके बमोजिमको प्राविधिक र आर्थिक प्रस्ताव इच्छुक आवेदकहरुले स्वयं उपस्थित भई/हुलाक/इमेल मार्फत यस केन्द्रमा दर्ता गर्न हुन अनुरोध गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु स्वत: रद्द हुनेछन्। कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको वेबसाइटमा हेर्न र डाउनलोड गर्न सकिने छ।

नोट: इमेल मार्फत पठाइएको सम्पूर्ण कागजातहरु PDF FORMAT मा हुनु पर्नेछ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची -२

दफा १५ को उपदफा (२) सँग सम्बन्धित

<u>निवेदन फारामको ढाँचा</u>

मितिः ............

श्रीमान् प्रमुखज्यू
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर ।

महोदय, प्रस्तुत विषयमा तहाँबाट मिति २०८...../..../.... मा प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी सूचना अनुसार म/हामी .................. कृषक, कृषक समूह/सहकारी, सामुदायिक बीउ बैंक वा अन्य संस्थालाई अनुदान सहयोग कार्यक्रम सञ्चालन इच्छुक रहेकोले रु. .......................... (अक्षेरुपी ........ मात्र) को लागतको प्रस्ताव तयार गरी देहायका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

<u>संलग्न कागजातहरुः</u>

(क) व्यावसायिक योजना सहितको पूर्ण प्रस्ताव

(ख) स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि

(ग) संस्थागत बैठकको निर्णय प्रतिलिपि

(घ) संस्था दर्ता, नविकरण तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) आवेदकको तर्फबाट आधिकारिक प्रतिनिधि भई अनुदान सम्बन्धी कार्य गर्ने व्यक्ति तोकिएको संस्थागत निर्णय सहित उक्त प्रतिनिधिको नागरिकताको प्रतिलिपि र नमूना दस्तखत

(च) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि

(छ) सूचनामा माग भएबमोजिम अन्य कागजातहरु

आवेदक
नाम, थरः
ठेगानाः
फोन नं.:
ईमेलः
संस्थाः
छाप

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -३

दफा १६ को उपदफा (३) सँग सम्बन्धित

**अनुदानग्राही तथा केन्द्रबीच हुने कार्यक्रम सम्झौताको ढांचा**

सम्झौता नं:

मिति:

कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुसार बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र (यस पछि प्रथम पक्ष भनिने) ..............उप/महा/नगरपालिका/गाउँपालिका वडा नं........स्थित ...........................................कृषक, कृषक समूह/सहकारी, सामुदायिक बीउ बैंक (यस पछि दोश्रो पक्ष भनिने) बीच लागत साझेदारीका आधारमा स्वीकृत........................................................ कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा दस्तखत गरी एक/एक प्रति लियौं/दियौं।

(क) सम्झौता गर्ने पक्ष र योजना

१. लाभाग्राहीको तर्फबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि:

क. नाम:

ख. नागरिकता नं. र जारी भएको जिल्ला:

ग. मोवाईल नं.:

घ. ईमेल:

ङ. लाभाग्राहिको संस्था:

च. ठेगाना:

छ. दर्ता भएको जिल्ला र दर्ता नं.:

२. योजना स्थलको विवरण:

क. वडा नं.

ख. टोल/क्षेत्र:

३. योजना कार्यान्वयन अवधि:

क. शुरु हुने मिति:

ख. सम्पन्न हुने मिति:

**(ख) योजना अन्तर्गत सञ्चालन हुने लागत सम्बन्धी विवरण:**

१. कार्यक्रमको नाम:.....

२. कार्यक्रमको कूल अनुमानित लागत रु. ......... (अक्षररुपी.............).

क. आयोजनाबाट उपलब्ध हुने अनुदान रकम रु. ........ (अक्षररुपी .......)

ख. लाभग्राहीको लगानी रु: (अक्षररुपी............)

३. कार्यक्रमबाट प्रत्यक्ष लाभन्वित हुने

| लाभान्वित जनसंख्या (संख्या) | | | | लैङ्गिक सहभागिता (संख्या) | | |
|---|---|---|---|---|---|---|
| कृषक परिवार | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य |
| | | | | | | |

४. सम्झौताका शर्तहरु

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

सम्झौताका शर्तहरु देहाय बमोजिम हुनेछन्:

(१) दोश्रो पक्षले सम्झौतामा दस्तखत भएको मितिले १५ दिनभित्र काम शुरु गर्नुपर्नेछ । साथै कार्य प्रारम्भ भएको जानकारी प्रथम पक्षलाई अनिवार्य रुपमा दिनुपर्नेछ ।

(२) दोश्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण काम कारवाही (स्वीकृत प्रस्ताव, व्यावसायिक योजना, डिजाईन, इष्टिमेट अनुसार) सम्पन्न गरी कार्यक्रम सञ्चालनमा ल्याउनुपर्नेछ ।

(३) दोश्रो पक्षले कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्दा केन्द्रका सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नुपर्नेछ।

(४) दोश्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

(५) प्रथम पक्षले स्थलगत अनुगमन पश्चात् अनुगमन प्रतिवेदनको आधारमा शत (१००) प्रतिशत कार्य सम्पन्न भएको प्रमाणित भएको खण्डमा उक्त कार्यका लागि सम्झौतामा उल्लेख गरिएको रकममा नियमानुसार कर कट्टी गरि दोश्रो पक्षलाई बैंक खाता मार्फत कार्यसम्पन्न पश्चात एकमुष्ट रुपमा रकम भुक्तानी गर्नेछ।

(७) दोश्रो पक्षले सम्झौता बमोजिमको अनुदान रकम सम्झौता अनुसार सबै काम सम्पन्न भईसके पश्चात् देहायका कागजात सहित अनुदान रकम माग गरि प्रथम पक्षलाई निवेदन पेश गर्नुपर्नेछ :

क. सम्झौता बमोजिमको कार्य गर्दा भएका खर्चहरुको सक्कल बिल तथा भर्पाई

ख. कार्यक्रम सञ्चालन गर्नु पूर्वको अवस्था, कार्यान्वयनको चरण र सम्पन्न भएका सबै गतिविधिहरु झल्किने फोटोहरू

ग. सार्वजनिक सुनुवाईको प्रतिवेदन।

(८) दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।

(९) दोस्रो पक्षले यस सम्झौता बमोजिम गरिने कार्यक्रम/क्रियाकलापका लागि अन्य कुनै सरकारी, गैह सरकारी वा सो किसिमको अनुदान प्रदान गर्ने अन्य संघ संस्थाबाट सहयोग, अनुदान आदि लिन सक्नेछैन।

(१०) दोश्रो पक्षले. ....... कार्यक्रमका लागि लिइएको अनुदान रकम योजना बमोजिमको कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा दुरुपयोग भएमा वा लापरभाहीको कारणबाट तेश्रो पक्षलाई कुनै किसिमको हानी नोक्सानी भएमा प्रचलित नियम कानून बमोजिम दिइएको अनुदान रकम दोश्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(११) सम्झौता अनुसारको कार्य सम्पन्न र भुक्तानी पश्चात कुनै प्राकृतिक विपद, काबु बाहिरको परिस्थिति, आगजनी वा अन्य कारणले नोक्सान भएमा ३५ दिनभित्र स्थानीय तहको सिफारिस र प्रहरी मुचुल्का सहितको विवरण दोश्रो पक्षले प्रथम पक्षलाई पेश गर्नुपर्नेछ।

(१२) यस सम्झौता अनुसार सञ्चालन हुने कार्यक्रमको विवरण, कुल लागत, निर्माण सम्पन्न अवधि, सहयोगी निकाय र अनुदान रकम खुलाईएको विवरण आदि संलग्न होर्डिङ बोर्ड प्रष्ट देखिने गरी कार्यक्रम स्थलमा राखे व्यवस्था दोश्रो पक्षले गर्नुपर्नेछ।

(१३) प्रथम पक्षबाट निरीक्षणमा जाने प्राविधिकलाई निरीक्षण तथा अनुगमनमा दोश्रो पक्षले आवश्यक सहयोग गर्नुपर्नेछ।

(१४) कार्यक्रम सम्पन्न भए पश्चात सो कार्यक्रम दोस्रो पक्षलाई स्वतः हस्तान्तरण भएको मानिनेछ।

(१५) सम्झौता अनुरुप कार्य सम्पन्न भई भुक्तानी भईसकेपछि सोको सञ्चालन लगायत सम्पूर्ण दायित्व दोश्रो पक्षको हुनेछ।

(१६) सम्झौता सम्बन्धमा दोश्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा सहमतिको प्रयास गरिनेछ र प्रथम पक्षको निर्णयनै अन्तिम हुनेछ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(१७) दोस्रो पक्षले मनासिब कारण देखाई म्याद थपका लागि निवेदन पेश गरेमा प्रथम पक्षले अध्ययन तथा निरीक्षणका आधारमा म्याद थप गर्न सक्नेछ।

(१८) यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम : | आधिकारिक व्यक्तिको नाम: |
| पद: | पद: |
| मिति: | नागरिकता नं./जारी भएको जिल्ला: |
| कार्यालयको छाप | मोबाईल नं.: |
| साक्षी | संस्था दर्ता भएको निकाय र दर्ता नं.. |
| | मिति: |
| | संस्थाको छाप: |
| | साक्षी |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-४

(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

<u>कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रमको लागि प्रस्ताव मागको सूचनाको ढाँचा</u>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र
हरिहरभवन, ललितपुर
फोन नं.: ..............................., इमेल: campid2075@gmail.com
Website: http://caidmp.gov.np

प्रकाशित मिति:..............................

कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रको चालु आ.व....................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रम कार्यान्वयनका लागि कृषक समूह/कृषि सहकारी /निजी क्षेत्रहरुको प्राथमिकता सहितको छनौट कार्य गर्नको लागि ईच्छुक सम्पूर्ण आवेदकहरुलाई दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र "कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को अनुसूची-५ बमोजिमको आवेदन र अनुसूची-६ बमोजिमको प्रस्ताव इच्छुक आवेदकहरुले स्वयं उपस्थित भई/हुलाक/इमेल मार्फत यस केन्द्रमा दर्ता गर्न हुन अनुरोध गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु स्वत: रद्द हुनेछन्। "कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" यस केन्द्रको वेबसाइटमा हेर्न र डाउनलोड गर्न सकिने छ।

नोट: इमेल मार्फत पठाइएको सम्पूर्ण कागजातहरु PDF FORMAT मा हुनु पर्नेछ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची-५
(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)
<u>आवेदकले पेश गर्ने आवेदनको ढाँचा</u>

मितिः

श्रीमान् प्रमुखज्यू,
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र,
हरिहरभवन, ललितपुर।

विषय : आवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ केन्द्रबाट मिति ................ प्रकाशित सार्वजनिक सूचनामा उल्लेख भएको "कस्टम हायरिङ सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रम" मा छनौट हुन इच्छुक भएकोले आवश्यक सम्पूर्ण कागजात संलग्न राखी उक्त कार्यक्रमका लागि आवेदन पेश गरेको छु। साथै प्रस्तावित कार्यक्रमको लागि अन्य कुनै संघीय सरकार/प्रदेश सरकार/स्थानीय तह/सङ्घ संस्थाबाट कुनै सहयोग नलिएको जानकारी गराउँदछु।

आवेदक,

हस्ताक्षरः
नामः
पदः
संस्थाको नामः
सम्पर्क नं.:
संस्थाको छापः

<u>संलग्न गरिएका कागजातहरुः</u>

१. अनुसूची-६ बमोजिमको कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रमको लागि पेश गर्नुपर्ने प्रस्ताव
२. अनुसूची-८ बमोजिमको प्रदेशको जिल्लास्थित कृषि हेर्ने सम्बन्धित कार्यालयको सिफारिस,
३. अनुसूची-९ बमोजिमको प्रतिवद्धता पत्र,
४. कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन गर्ने सम्वन्धमा जग्गा र जनसहभागिता वापतको रकम सुनिश्चितता सहित संस्थाको निर्णयको माइन्यूट
५. कष्टम हायरिङ्ग सेन्टर निर्माण हुने जग्गाको लालपुर्जाको प्रतिलिपी,
६. जग्गा भाडा/लिजमा लिएको भएको भाडा/लिज सम्बन्धी सम्झौता
७. संस्थाको प्रबन्धपत्र, नविकरण सहितको संस्था दर्ता प्रमाण पत्र, प्यान/भ्याट दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-६

(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)

**कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रमको लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा**

१. आवेदक संस्थाको नामः

२. संस्था स्थापना भएको मिति:

३. सम्पर्क व्यक्तिको नाम र फोन नं:

४. कार्यक्रम सञ्चालन गर्ने ठेगानाः

प्रदेश: ................................................. जिल्लाः .........................................

न.पा./गा.पा. ......................................... वडा नं.: ............... टोलः ................................

५. (क) कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि मेशिनरी सेड लगायतका संरचना निर्माण गर्न कम्तिमा ३ (तिन) कट्ठा जमिन उपलव्ध छ/छैन:

(ख) जग्गाको स्वामित्व:

☐ संस्थाको स्वामित्व ☐ लिजमा लिएको

६. (क) कस्टम हायरिङ्ग सेन्टर स्थापनाको गर्ने स्थलसम्म बाटोको पहुँच छ/छैन:

(ख) यदि छ भने बाटोको प्रकार र चौडाई उल्लेख गर्नुहोस:

७. (क) कस्टम हायरिङ्ग सेन्टर स्थापनाको गर्ने स्थलको नजिकै विद्युतको सुविधा छ/छैन:

(ख) यदि छ भने विद्युतको लाइन स्थलबाट कति दुरीमा छ?

८. (क) कस्टम हायरिङ्ग सेन्टर स्थापनाको गर्ने स्थलमा पानीको सुविधा छ/छैन:

(ख) यदि छ भने पानीको श्रोत उल्लेख गर्नुहोस्।

९. (क) आवेदकसँग अन्य कुनै कष्टम हायरिङ्ग सेन्टर/कृषि मेशिनरी सेवा सञ्चालन गरेको अनुभव छ/छैन?

(ख) यदि छ भने उल्लेख गर्नुहोस्।

१०. प्रस्तावित कार्यक्रमले सेवा दिने जग्गाको अनुमानित क्षेत्रफल (हेक्टरमा):

११. प्रस्तावित कार्यक्रमले सेवा पाउने कृषकहरुको अनुमानित घरधुरीको संख्याः

१२. प्रस्तावित कार्यक्रमले सेवा दिने क्षेत्रको बाली चक्रको विवरण:

१३. प्रस्तावित कार्यक्रमले सेवा दिने क्षेत्रमा विभिन्न बालीहरुले ढाकेको क्षेत्रफल (हेक्टरमा):

(क) धान:

(ख) गहुँ:

(ग) मकै:

(घ) आलु:

(ङ) ............

१४. प्रस्तावित कार्यक्रमले सेवा दिने क्षेत्रमा उत्पादन हुने विभिन्न बालीहरुको बार्षिक उत्पादनको विवरण (टनमा):

(क) धान:

(ख) गहुँ:

(ग) मकै:

(घ) आलु:

(ङ) ............

१५. प्रस्तावित कार्यक्रमले सेवा दिने क्षेत्रमा सिचाई सम्बन्धी विवरण:

(क) सिचाईको सुविधा छ/छैन?

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(ख) सिचाई गर्ने पानीको श्रोत:

☐ मुहानको पानी ☐ भूमिगत पानी ☐ नहरको पानी

(ग) सिचाई उपलब्ध हुने अवधि (महिनामा):

(घ) सिंचित जग्गाको क्षेत्रफल (हेक्टरमा):

१६. प्रस्तावित कार्यक्रमले सेवा दिने क्षेत्रमा अन्य कष्टम हायरिङ्ग सेन्टरहरु छन् वा छैनन्? यदि छ भने उक्त कष्टम हायरिङ्ग सेन्टरहरुको नाम उल्लेख गर्नुहोस्।

१७. प्रस्तावित कार्यक्रमले सेवा दिने क्षेत्रमा कृषि सम्बन्धी कुनै आयोजना लागु भएको छ/छैन? यदि छ भने आयोजनाको नाम उल्लेख गर्नुहोस्।

१८. निम्न बमोजिम संक्षिप्त व्यवसायिक योजना पेश गर्नुहोस्।

(क) संस्थाको परिचय

(ख) कस्टम हायरिङ्ग सेन्टर सेवा सञ्चालन विधि

(ग) भाडा निर्धारण विधि

(घ) कस्टम हायरिङ्ग सेन्टर सेवामा परिचालन हुने जनशक्तिहरुको व्यवस्थापन

(ङ) कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि लाग्ने अनुमानित खर्चको विवरण तथा खर्चको व्यवस्थापन श्रोतको विवरण

(च) मर्मत संभार सम्बन्धी व्यवस्था

(छ) बार्षिक आम्दानीको प्रक्षेपण

१९. कष्टम हायरिङ्ग सेन्टर सञ्चालनको लागि प्रस्तावित यन्त्रको मूल्य सहित सूची पेश गर्नुहोस्।

| सि. नं. | यन्त्रको विवरण | मूल्य |
|---|---|---|
| १ | | |
| २ | | |
| | | |
| १० | | |
| | जम्मा मूल्य | |

२०. निर्माण गर्न चाहेको मेशिनरी सेड लगायतका संरचनाहरुको अनुमानित लागत अनुमान: रु...............

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ, यदि झुठो ठहरिएमा निवेदन स्वत: खारेज भई प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

<u>आवेदक</u>

दस्तखत : फोन नं.:

मिति : संस्थाको छाप:

नाम :

पद :

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची-७
(दफा २८ को उपदफा (१) सँग सम्बन्धित)
<u>अनुदानग्राहीहरुको छनौटको लागि मूल्याङ्कनका आधारहरु</u>

| क्र.सं. | सूचकाङ्क आधार | पूर्णाङ्क |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित घरधुरी संख्या | १० |
| २ | प्रस्तावित कार्यक्रमको कमाण्ड क्षेत्रको क्षेत्रफल (हेक्टरमा) | १० |
| ३ | जग्गाको स्वामित्व | १० |
| ४ | बाली चक्रको अवस्था | १० |
| ५ | सिचाई सुविधा | १० |
| ६ | कमाण्ड क्षेत्रभित्र अन्य कष्टम हायरिङ्ग सेन्टर भएको/नभएको | १० |
| ७ | बाटोको प्रकृति र साइज | १० |
| ८ | व्यावसायिक योजना | ३० |
| | कूल प्राप्ताङ्क | १०० |

डा. महेन्द्र प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-८

(दफा २५ को खण्ड (ङ) सँग सम्बन्धित)

**प्रदेशको जिल्लास्थित कृषि हेर्ने सम्बन्धित कार्यालयको सिफारिसको ढाँचा**

मिति:

श्री कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र
हरिहरभवन, ललितपुर।

विषय: सिफारिस सम्वन्धमा।

उपरोक्त विषयमा त्यस केन्द्रको मिति ..................... मा कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रमको लागि अनुदान प्राप्त गर्न इच्छुक कृषक समूह/कृषि सहकारी/निजी क्षेत्रहरुको छनौट गर्ने उद्देश्यले प्रकाशित सूचना अनुसार उक्त कार्यक्रममा सहभागी हुन ............................ (संस्थाको नाम र ठेगाना) ले कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची ६ बमोजिमको प्रस्तावमा पेश गरिएका सम्पूर्ण विवरणहरु सही भएकोले उक्त संस्थाको प्रस्तावलाई मूल्याङ्कनमा समावेश गरिदिन हुन सिफारिस गर्दछु।

हस्ताक्षर:
केन्द्र प्रमुखको नाम:
कार्यालयको छाप:

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची-९

(दफा २५ खण्ड (च) सँग सम्बन्धित)

<u>प्रतिवद्धता पत्र</u>

कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रको मिति ................. मा प्रकाशित सूचना अनुसार कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रमको लागि सूचिकरण भई कार्यक्रम सञ्चालनको लागि कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ मा तोकिए बमोजिमको अनुदान प्राप्त भएमा कष्टम हायरिङ्ग सेन्टर यस कार्यविधि र प्रचलित कानून बमोजिम रही नियमित रुपले सञ्चालन गर्नेछु। काबु बाहिरको परिस्थितिमा बाहेक अन्य कुनै कारणले कष्टम हायरिङ्ग सेन्टर बन्द भएमा यस कार्यविधि र प्रचलित कानून बमोजिम कार्वाही भएमा हाम्रो कुनै आपत्ति हुने छैन भनी प्रतिवद्धता समेत जाहेर गर्दछु।

हस्ताक्षर:

नाम:

पद:

संस्थाको नाम:

ठेगाना:

सम्पर्क नं.:

मिति:

नागरिकता नं.:

| दायाँ | बायाँ |
| --- | --- |
| | |

औंठाको छाप

नागरिकता जारी भएको जिल्ला:

संस्थाको छाप:

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची- १०
(दफा २९ सँग सम्बन्धित)
### सम्झौता पत्रको ढाँचा (नमूना)

मिति ........... साल ................ महिना ...... गते का दिन कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र, ललितपुर (जसलाई यसपछि प्रथम पक्ष भनिएको छ), .............................[अनुदानग्राहीको नाम] (जसलाई यसपछि दोश्रो पक्ष भनिएको छ) बीच तपसिलका शर्तहरुको अधिनमा रही कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रमको लागि सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

तपसिल

१. यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि भौतिक संरचना खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

२. दोश्रो पक्षसँगको आपसी परामर्शमा कार्यक्रम सञ्चालनको लागि आवश्यक भौतिक संरचनाहरुको डिजाइन तथा लागत अनुमानको तयारी र उपयुक्त कृषि यन्त्रहरुको छनौट, स्पेशिफिकेसन तथा लागत अनुमान तयारी प्रथम पक्षले गर्नुपर्नेछ।

३. मेशिनरी सेड जस्ता भौतिक संरचनाहरुको निर्माणको हकमा लागत अनुमान अनुसार गरिएको जम्मा निर्माण खर्चको अधिकतम पचास (५०) प्रतिशत रकम मात्र अनुदानका रुपमा दोश्रो पक्षलाई उपलब्ध गराइनेछ। निर्माण कार्य गर्दा कुनै कारणबश निर्माण खर्च लागत अनुमान भन्दा बढी भएको खण्डमा अनुदानको लागि तोकिएको रकम बाहेक अन्य सम्पूर्ण खर्च दोश्रो पक्ष आफैले व्यहोर्नु पर्नेछ।

४. कृषि यन्त्रको अनुदान रकम निर्धारणको हकमा "कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को दफा ३२ बमोजिम हुनेछ।

५. दोश्रो पक्षले कृषि यन्त्रहरु खरिद गर्दा "कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को दफा ३१ को उपदफा (४) अनुसार सूचिकृत आपूर्तिकर्ताहरु मध्येबाट खरिद गर्नुपर्नेछ। अन्यथा खरिद गरिएको हकमा दोश्रो पक्षलाई अनुदान रकम भुक्तानी हुनेछैन।

६. भौतिक संरचना निर्माणको अनुदान रकमको भुक्तानी सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

७. कृषि यन्त्रहरुको अनुदान भुक्तानीको लागि दोश्रो पक्षले "कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को अनुसूची १२ बमोजिमको ढाँचामा सुचिकृत आपूर्तिकर्ताबाट सम्बन्धित कृषि यन्त्रहरु बुझेको भर्पाई, अनुसूची १३ बमोजिमको ढाँचामा आपूर्तिकर्ताले यन्त्रहरुको पूरा मुल्य बुझेको प्रमाण तथा निज आपूर्तिकर्ताबाट जारी गरिएको भ्याट बिलसहित प्रथम पक्षलाई निवेदन पेश गर्नुपर्नेछ। प्रथम पक्षको विषय विशेषज्ञ सहितको कम्तिमा ३ (तीन) सदस्यीय निरिक्षण टोली गठन गरी यस कार्यविधि बमोजिमको प्रक्रिया र तोकिएको गुणस्तरको कार्य भए/नभएको सम्बन्धमा स्थलगत निरीक्षण गरी निरीक्षण प्रतिवेदन पेश भएपश्चात् दोश्रो पक्षलाईलाई तोकिएको अनुदान रकम भुक्तानी दिइनेछ।

८. दोश्रो पक्षले कष्टम हायरिङ्ग सेन्टरको "कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को दफा ३४ देखि ३८ सम्मको कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्ड र सञ्चालन विधिमा उल्लेख भए बमोजिम सञ्चालन गर्नुपर्नेछ।

९. दोश्रो पक्षले सञ्चालन गर्ने कष्टम हायरिङ्ग सेवा सम्बन्धी क्रियाकलापहरु केन्द्र, विभाग तथा मन्त्रालयबाट एकल वा संयुक्त रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ।

१०. दोश्रो पक्षले "कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" र प्रचलित कानूनको अधिनमा रही नियमित रुपले कष्टम हायरिङ्ग सेवा सञ्चालन गर्नुपर्नेछ। दोश्रो पक्षले अनुदानमा प्राप्त

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

गरेका कृषि यन्त्र औजार अन्य कुनै संस्थालाई बेचबिखन गर्न पाइने छैन। काबु बाहिरको परिस्थितिमा बाहेक सेन्टर बन्द भएमा, सेन्टरको सम्पति हिनामिना गरेमा प्रचलित कानून बमोजिम दोश्रो पक्षबाट असुल उपर गरिनेछ।

११. यस सम्झौताको ढाँचामा उल्लेख भएका बुँदाहरु आवश्यकता अनुसार कार्यान्वयनको चरणमा थपघट र संशोधन गर्न सकिनेछ।

प्रथम पक्षको तर्फबाट

.........................................

प्रमुख
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र,
ललितपुर

दोश्रो पक्षको तर्फबाट

.........................................

.........................................
(अनुदानग्राहीको नाम)

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची- ११

(दफा ३१ को उपदफा (२) सँग सम्बन्धित)

**कृषि यन्त्र आपूर्तिकर्ताहरुको सूचिकरणको लागि प्रस्ताव माग गर्ने सूचनाको ढाँचा**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र

हरिहरभवन, ललितपुर

फोन नं.: ..............................., इमेल: campid2075@gmail.com

Website: http://caidmp.gov.np

प्रकाशित मितिः ..............................

१. कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रको चालु आ.व. ...................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रमको लागि छनौट भएका ..................... (संस्थाहरुको नाम) को लागि कृषि यन्त्रहरु खरिद गर्न आपूर्तिकर्ताहरुको सूचिकरण गर्नु पर्ने भएकोले इच्छुक सम्पूर्ण आपूर्तिकर्ताहरुलाई यो सूचना प्रकाशन गरिएको छ।

२. इच्छुक सम्पूर्ण आपूर्तिकर्ताले " कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को अनुसूची १२ बमोजिमको ढाँचामा सूचिकरणको लागि प्रस्ताव पत्र पेश गर्नुपर्नेछ।

३. इच्छुक सम्पूर्ण आपूर्तिकर्ताले संस्था दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्र पेश गरी यस केन्द्रबाट मिति ....................... समय .................सम्ममा रु. .................. बापतको प्रस्ताव पत्र खरिद गरिसक्नु पर्नेछ।

४. इच्छुक सम्पूर्ण आपूर्तिकर्ताहरुले मिति ................ समय ............................. भित्र सिलबन्दी प्रस्ताव पत्र यस केन्द्रमा दर्ता गरिसक्नु पर्नेछ। म्याद नाघी आएको प्रस्ताव पत्र स्वत: रद्द हुनेछ।

५. प्रस्ताव पत्र मान्य अवधि ४५ दिनको हुनेछ।

६. इच्छुक सम्पूर्ण आपूर्तिकर्ताहरुले रु. ................ बराबरको प्रस्ताव पत्र जमानत पेश गर्नु पर्नेछ। उक्त प्रस्ताव पत्र जमानतको मान्य अवधि ७५ दिनको हुनेछ। नगद जमानत राख्न चाहने आपूर्तिकर्ताहरुले निम्न अनुसारको धरौटी खातामा नगद जम्मा गरी सोको सक्कल भौचर यस केन्द्रमा पेश गर्नको लागि अनुरोध गरिन्छ।
धरौटी खाताको विवरण:

७. म्यादभित्र दर्ता भएका प्रस्ताव पत्रहरु उपस्थित आपूर्तिकर्ता र केन्द्रको प्रतिनिधिकहरुको रोहवरमा मिति .......... समय .................... मा खोलिने छ।

८. प्रस्ताव पत्र खोल्ने दिन सार्वजनिक विदा परेको खण्डमा विदा सकेको दिनको अर्को दिन प्रस्ताव पत्र खोलिने छ।

९. यस सूचना अनुसारको प्रस्ताव पत्र कुनै कारण नदेखाई आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस केन्द्रमा निहित हुनेछ।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची -१२

(दफा ३१ को उपदफा (३) सँग सम्बन्धित)

## आपूर्तिकर्ताहरुले सुचिकरणको लागि पेश गर्नुपर्ने प्रस्ताव पत्रको ढाँचा

१. संस्थाको नाम:

२. संस्थाको ठेगाना:

३. संस्थाको फोन नं.:

४. संस्थाको इमेल:

५. संस्थाको वेवसाइट:

६. सम्पर्क/जिम्मेवार व्यक्तिको नाम र फोन:

७. संस्थाको स्थापना मिति:

८. संस्था उत्पादक कम्पनिको आधिकारिक विक्रेता भएको प्रमाण:

९. संस्था दर्ता प्रमाण पत्र, पान/भ्याट दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र र स्वघोषणा (कानूनी रुपमा भाग लिन अयोग्य नभएको सम्वन्धमा)

१०. अघिल्लो आ.व को कर चुक्ता प्रमाणपत्र। नोट: पेश भएका प्रमाण पत्रहरु प्रमाणित भएको हुनुपर्नेछ।

११. संस्थाको उद्देश्य:

१२. संस्थाको विगतको १० बर्षको अवधिमा अधिकतम कारोवार भएको ३ आर्थिक बर्षको कारोवार रकम उल्लेख भएको लेखापरिक्षण प्रतिवेदन

| आर्थिक वर्ष | कारोवार रकम |
|---|---|
| | |

१३. संस्थाको लगानीको श्रोत: लगानीको श्रोत भन्नाले प्रस्तावित कार्यक्रमको लागि सूचीकरण भएमा आफूले आपूर्ति गर्न चाहेको कृषि यन्त्रमा लगानी गर्नको लागि चाहिने आर्थिक श्रोत भन्ने बुझ्नु पर्दछ। लगानीको श्रोतको लागि Bank Balance वा Liquid Assets लाई प्रमाणको रुपमा पेश गर्न सक्नु हुनेछ।

| लगानीको श्रोत | | |
|---|---|---|
| सि. नं. | लगानीको श्रोतको किसिम | रकम |
| १ | | |
| २ | | |

१४. विगत ५ बर्षभित्र आपूर्ति गरिएका समान प्रकृतिको कृषि यन्त्रको विवरण: (प्रमाण सहित)

| सि.नं. | आर्थिक वर्ष | आपूर्ति गरिएका कृषि यन्त्रहरुको विवरण | कूल रकम | खरिदकर्ता नाम र ठेगाना |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

१५. प्रस्तावित कृषि यन्त्रको मर्मत सम्भार कार्यको लागि सर्भिस सेन्टर/वर्कशपको संस्था दर्ता प्रमाण पत्र र पान/भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्र सहितको विवरण:

| सि.नं. | सर्भिस सेन्टर/वर्कशपको नाम | सर्भिस सेन्टर/वर्कशपमा उपलब्ध सेवा | सर्भिस सेन्टर/वर्कशपको विस्तृत ठेगाना | सम्पर्क व्यक्तिको नाम र फोन नं. |
|---|---|---|---|---|
| | | | | |

डा. महेन्द्र प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

१६. प्रस्तावित कृषि यन्त्रको उपलब्ध जगेडा पार्टपूर्जाको विवरण:

| सि.नं. | पार्टपूर्जाको नाम | संख्या | दर |
|---|---|---|---|
| | | | |

१७. कृषि यन्त्रहरुको प्राविधिक स्पेशिफिकेसन क्याटलग सहित:

| सि.नं. | कृषि यन्त्रको नाम | संस्थाले तोकेको कृषि यन्त्रको प्राविधिक स्पेशिफिकेसन | आपूर्तिकर्ताले पेश गरेको कृषि यन्त्रको प्राविधिक स्पेशिफिकेसन |
|---|---|---|---|
| | | | |

१८. सम्झौता मितिबाट कृषि यन्त्र आपूर्ति गर्न सकिने समय अवधि तोक्नुहोस्।

| सि.नं. | कृषि यन्त्रको नाम | संस्थाले तोकेको कृषि यन्त्रको आपूर्तिको अवधि | आपूर्तिकर्तले पेश गरेको कृषि यन्त्रको आपूर्तिको अवधि |
|---|---|---|---|
| | | | |

१९. आपूर्ति गरिने कृषि यन्त्रको मूल्य

| सि.नं. | कृषि यन्त्रहरुको नाम | संख्या | दर | रकम |
|---|---|---|---|---|
| | | | | |

२०. उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ, यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

आधिकारिक व्यक्तिको हस्ताक्षर:

नाम:

पद:

सम्पर्क नं.:

कार्यालयको छाप:

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१३

(दफा ३२ को उपदफा (६) सँग सम्बन्धित)

**अनुदानग्राहीले कृषि यन्त्र बुझिलिएको भर्पाईको ढाँचा**

मिति:

श्री कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र,
हरिहरभवन, ललितपुर

**विषय: कृषि यन्त्र बुझिलिएको सम्वन्धमा ।**

उपरोक्त विषयमा त्यस केन्द्रबाट सूचिकृत संस्था श्री .................................... (आपूर्तिकर्ताको नाम) बाट तपसिल बमोजिमका कृषि यन्त्रहरु यस संस्थाबाट बुझिलिएको व्यहोरा ठिक साँचो हो, झुठा ठहरेमा प्रचलित कानून बमोजिम कार्वाही भोग्न मन्जुर छु। साथै यस संस्थाले कृषि यन्त्र/यन्त्रहरु बुझे वापत कृषि यन्त्र/यन्त्रहरुको पुरा मुल्य आपूर्तिकर्तालाई भुक्तानी दिइसकेको व्यहोरा समेत अनुरोध गर्दछु।

तपसिल:

| सि. नं. | कृषि यन्त्रको नाम | ब्राण्ड र मोडल | संख्या |
|---|---|---|---|
| | | | |
| | | | |

साक्षी:

१. नाम:

पद:

हस्ताक्षर:

२. नाम:

पद:

हस्ताक्षर:

बुझिलिने,

हस्ताक्षर:

नाम:

पद:

मिति:

सँस्थाको छाप:

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची-१४
(दफा ३२ को उपदफा (६) सँग सम्बन्धित)
<u>आपूर्तिकर्ताले कृषि यन्त्रको आपूर्ति गरी भुक्तानी लिएको भर्पाईको ढाँचा</u>

मिति:

श्री कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र,
हरिहरभवन, ललितपुर

विषय: कृषि यन्त्रहरुको आपूर्ति तथा भुक्तानी प्राप्ति सम्बन्धमा।

उपरोक्त विषयमा त्यस केन्द्रबाट छनौट गरिएको अनुदानग्राही श्री .................................... (अनुदानग्राहीको नाम) लाई तपसिल बमोजिमका कृषि यन्त्रहरु यस संस्थाबाट आपूर्ति गरी यन्त्रहरुको विल बमोजिमको रकम भुक्तानी लिइसकेको व्यहोरा ठिक साँचो हो, झुठा ठहरेमा प्रचलित कानून बमोजिम कार्वाही भोग्न मन्जुर छु।

तपसिल:

| सि. नं. | कृषि यन्त्रको नाम | ब्राण्ड र मोडल | संख्या |
|---|---|---|---|
| | | | |
| | | | |

संलग्न: अनुदानग्राहीलाई बुझाइएको कृषि यन्त्रहरुको विल (Invoice)

प्रोप्राइटरको नाम:
आपूर्तिकर्ताको नाम:
ठेगाना:
फोन नं.:
सँस्थाको छाप:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -१५

(दफा ४३ को उपदफा (३) सँग सम्बन्धित)

सुचिकरणको लागि पेश गर्ने आवेदनको ढाँचा

मितिः

विषयः सूचिकृत गरिपाउँ ।

श्रीमान् महानिर्देशकज्यू,
कृषि विभाग, हरिहरभवन।

महोदय

ताहाँ विभागबाट मिति ..........................मा प्रकाशित सूचना अनुसार प्राङ्गारिक कृषि वस्तु निर्यात गर्दा प्रमाणीकरणमा लाग्ने शुल्कमा अनुदान उपलब्ध गराउने कार्यक्रमको लागि कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ मा रहेको व्यवस्था अनुसार उक्त कार्यक्रममा सहभागी हुन सूचिकरण गर्ने व्यवस्थाका लागि माग भए बमोजिम तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं ।

तपसिल

संलग्न कागजातहरु

१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

२) निर्यातकर्ताको आयात/निर्यातकर्ता अनुमती पत्र (Exim Code) को प्रतिलिपि,

३) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

५) निर्यात गरिने वस्तुको अनुमानित परिमाण र मूल्यः

..........................................................

..........................................................

आवेदक

नामः

ठेगानाः

दस्तखतः

फर्म/संस्थाको नाम र छापः

सम्पर्क नं.

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची – १६

(दफा ४३ को उपदफा (१) सँग सम्बन्धित)

**प्राङ्गारिक कृषि वस्तु निर्यात गर्दा प्रमाणीकरणमा लाग्ने शुल्कमा अनुदान उपलब्ध गराउने कार्यक्रमको लागि सूचिकृत हुने तथा भुक्तानी मागको लागि आवेदन पेश गर्ने सम्बन्धी**

सूचना

यस विभागको आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम अनुदान प्राप्त गर्न चाहने प्राङ्गारिक कृषि वस्तु निर्यात गर्ने व्यक्ति, कृषक समूह, सहकारी, संघ/संस्था, कम्पनी एव्म निजी फर्मबाट सूचिकरण एव्म भुक्तानी आवेदन प्रस्ताव माग गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ। भुक्तानी माग सम्बन्धी आवेदन ढिलोमा जेष्ठ मसान्त भित्र र भुक्तानी मागको आवेदन पेश गर्नुभन्दा कम्तिमा ६० दिन अगावै सूचिकरणको लागि आवेदन दिनु पर्नेछ। आवेदनका साथमा तपसिल अनुसारका कागजातहरु संलग्न राख्नु हुन र यस सम्बन्धी थप जानकारीका लागि विभागमा सम्पर्क गर्न समेत सूचित गरिन्छ।

तपसिल

सुचिकरणका लागि संलग्न गर्नुपर्ने कागजातहरु:

१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
२) निर्यातकर्ताको आयात/निर्यातकर्ता अनुमती पत्र (Exim Code) को प्रतिलिपि,
३) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,
४) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५) निर्यात भएको वस्तुको अनुमानित परिमाण र मूल्य.

प्राङ्गारिक प्रमाणीकरण शुल्क वापतको अनुदान भुक्तानी मागका लागि संलग्न गर्नुपर्ने थप कागजातहरु:

१) निर्यातकर्ताद्वारा जारी गरिएको निर्यातित वस्तुको बिल बिजक र भन्सार प्रज्ञापन पत्र,
२) प्राङ्गारिक उत्पादन निर्यात गरे वापत निर्यातकर्ताले प्राप्त गरेको विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाण पुग्ने कागजात वा बैंक स्टेटमेन्ट,
३) निर्यातकर्ता स्वयं प्राङ्गारिक कृषि उत्पादनकर्ता नभएको खण्डमा खरिद बिक्री सम्झौताको प्रतिलिपी,
४) निर्यात भएको उत्पादन प्राङ्गारिक हो भनी आधिकारिक प्रमाणीकरण निकायबाट गरिएको प्राङ्गारिक प्रमाणीकरणको प्रमाणपत्रको प्रतिलिपी,
५) प्राङ्गारिक प्रमाणीकरण खर्चको आधिकारिक बिल बिजक,
६) निर्यात भएको कृषि उत्पादनको उत्पत्तिको प्रमाणपत्रको प्रतिलिपि।

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची -१७

(दफा ४४ को उपदफा (१) सँग सम्बन्धित)

भुक्तानी मागका लागि पेश गर्ने आवेदनको ढाँचा

मितिः

विषयः अनुदान रकम भुक्तानी गरिपाउँ ।

श्रीमान् महानिर्देशकज्यू,
कृषि विभाग, हरिहरभवन।

महोदय

ताँहा विभागबाट मिति ..........................मा प्रकाशित सूचना अनुसार **प्राङ्गारिक कृषि वस्तु निर्यात गर्दा प्रमाणीकरणमा लाग्ने शुल्कमा अनुदान उपलब्ध गराउने कार्यक्रमको लागि** कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ मा रहेको व्यवस्था अनुसार उक्त कार्यकममा सहभागी हुने प्रयोजनका लागि मेरो/हाम्रो समूह/सहकारी/संघ/संस्था/कम्पनी/फर्म मिति .......................................... मा ताँहा विभागमा सूचिकृत भएको र हाल प्राङ्गारिक उपज निर्यात गरि सकिएको हुँदा उक्त कार्यविधि बमोजिम प्रमाणीकरण शुल्क बापतको अनुदान रकम रु. ............................................. (अक्षररुपी ..................................... ..................................... मात्र) भुक्तानीका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छु/छौं ।

तपसिल

संलग्न कागजातहरु

१) निर्यातकर्ताद्वारा जारी गरिएको निर्यातित वस्तुको बिल बिजक र भन्सार प्रज्ञापन पत्र,
२) प्राङ्गारिक उत्पादन निर्यात गरे बापत निर्यातकर्ताले प्राप्त गरेको विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाण पुग्ने कागजात वा बैंक स्टेटमेन्ट,
३) निर्यातकर्ता स्वयं प्राङ्गारिक कृषि उत्पादनकर्ता नभएको खण्डमा खरिद बिक्री सम्झौताको प्रतिलिपी,
४) निर्यात भएको उत्पादन प्राङ्गारिक हो भनी आधिकारिक प्रमाणीकरण निकायबाट गरिएको प्राङ्गारिक प्रमाणीकरणको प्रमाणपत्रको प्रतिलिपी,
५) प्राङ्गारिक प्रमाणीकरण खर्चको आधिकारिक बिल बिजक,
६) निर्यात भएको कृषि उत्पादनको उत्पतिको प्रमाणपत्रको प्रतिलिपी,

आवेदक

नामः

ठेगानाः

दस्तखतः

फर्म/संस्थाको नाम र छापः

सम्पर्क नं.

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची १८

दफा ५१ को उपदफा (१) सँग सम्बन्धित

**प्रस्ताव आवेदन फाराम**

१. आवेदक संस्थाः

क) नामः

ख) ठेगानाः

ग) सम्पर्क व्यक्तिको नामः

घ) सम्पर्क नं.:

२. कार्यक्रमको नामः

३. कार्यक्रम सञ्चालनका उद्देश्यहरुः

४. कार्यक्रमको अपेक्षित प्रतिफलः

५. कार्यक्रमको अनुमानित लागतः

| सि.नं. | क्रियाकलापहरु | इकाई | परिमाण | दर (रु.) | कुल लागत (रु.) | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन गरिने स्थान/ लाभान्वित वर्ग | कूल लागत मध्ये सहभागिता रकम रु. | | सञ्चालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कृषि विभाग | नेपाली सेना | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री